# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मण्डनदेउपुर नगरपालिका, काभ्रेपलाञ्चोक

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूर दृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्याः २०७८/७९
च.नं.: २०९

मितिः २०७८।०५।४

श्री नगर प्रमुखज्यू,
मण्डनदेउपुर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
काभ्रेपलाञ्चोक ।

**विषयः-लेखापरीक्षण प्रतिवेदन।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेकोछ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ।स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्या:२०७८/७९
च.नं.: २६६

मिति:२०७८/५/४

श्री नगर प्रमुखज्यू,
मण्डनदेउपुर नगरपालिका,
काभ्रेपलाञ्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले मण्डनदेउपुर नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको भएतापनि समग्र आर्थिक कारोबारलाई समेट्न सकेको छैन ।
२. लेखापरीक्षणबाट रु.८ करोड ७६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५ करोड १७ लाख ७१ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.८६ लाख २५ हजार नियमित गर्नुपर्ने रु.१७ लाख ८३ हजार र पेश्की रु.१ करोड ७८ लाख ९७ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।१।१७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ३०(तीस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरीक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# मण्डनदेउपुर नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
# २०७६/७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले २०७३ मा मण्डनदेउपुर नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु मण्डनदेउपुर नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६५ सभा सदस्य, ८९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार ६५९जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ८९,३७,३०,८७०.१९ | ७७,१९,३५,८५५.९७ | ७७,१९,३५,८५५.९७ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ७०,५२,३८,६४८ | ६०,९५,२५,५९३.७४ | ६०,९५,२५,५९३.७४ |
| ११००० कर | ११ | ११,६७,८९,००० | ९,३३,२५,३२९.८७ | ९,३३,२५,३२९.८७ |
| १३००० अनुदान | | ४२,१४,४२,००० | ४२,०४,१०,००० | ४२,०४,१०,००० |
| संघीय सरकार | १२ | ३५,३०,०७,००० | ३५,१९,७५,००० | ३५,१९,७५,००० |
| प्रदेश सरकार | १२ | ६,८४,३५,००० | ६,८४,३५,००० | ६,८४,३५,००० |
| १४००० अन्य राजस्व | | १६,७०,०७,६४८ | ९,५७,९०,२६३.८७ | ९,५७,९०,२६३.८७ |
| ख. अन्य प्राप्ति | | १८,८४,९२,२२२.१९ | १६,२४,१०,२६२.२३ | १६,२४,१०,२६२.२३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० |
| कोषहरु | | ६,६७,१६,२२२.१९ | ४,०२,९६,८०७.१९ | ४,०२,९६,८०७.१९ |
| धरौटी | | ० | ४३,५९,९४४.०४ | ४३,५९,९४४.०४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १२,१७,७६,००० | ११,७७,५३,५११ | ११,७७,५३,५११ |
| भुक्तानी (ग+घ) | | १,०५,७७,३२,८७०.१९ | ६९,४८,६७,७९६.९७ | ६९,४८,६७,७९६.९७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८६,९२,४०,६४८ | ५६,५३,८५,६४३.६२ | ५६,५३,८५,६४३.६२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २४,७८,७०,८३२ | २०,७७,४२,६०२.८० | २०,७७,४२,६०२.८० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,८२,२१,६५० | ७,१३,३६,५२५.७१ | ७,१३,३६,५२५.७१ |
| २५००० सहायता (Subsidy) | १८ | ६२,७५,००० | ५०,९८,५०६ | ५०,९८,५०६ |
| २६००० अनुदान | १८ | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २,०७,२७,००० | १,८९,०३,७०० | १,८९,०३,७०० |
| २८००० अन्य खर्च | १८ | ४,८६,८८,००० | २,८९,३४,६६५ | २,८९,३४,६६५ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ४४,७४,५८,१६६ | २३,३३,६९,६४४.११ | २३,३३,६९,६४४.११ |
| घ. अन्य भूक्तानी | | १८,८४,९२,२२२.१९ | १२,९४,८२,१५३.३५ | १२,९४,८२,१५३.३५ |
| कोषहरु | | ६,६७,१६,२२२.१९ | १,६७,९८,५९३.८० | १,६७,९८,५९३.८० |
| धरौटी | | ० | ९,६१,०१८.४४ | ९,६१,०१८.४४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १२,१७,७६,००० | ११,७७,५३,५११ | ११,७७,५३,५११ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (६०,३०,९६९.८९) | (६०,३०,९६९.८९) |
| ङ. यो वर्षको बचत (न्युन) | | (१६,४०,०२,०००) | ७,७०,६८,०५९ | ७,७०,६८,०५९ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १७,५५,०९,६०६.०४ | १७,५५,०९,६०६.०४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (१६,४०,०२,०००) | २५,२५,७७,६६५.०४ | २५,२५,७७,६६५.०४ |
| बैंक तथा नगद बाकी | २४ | | २५,२५,७७,६६५.०५ | २५,२५,७७,६६५.०५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• नगरपालिकाले बैंक समायोजन हिसाब खाता नराखेकोले स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. १६१७५९३०२.५५ ले फरक देखिएको छ ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै कारोबारलाइ समेटेको छैन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राखे र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा संचित कोषमा रु.१६६०६३९५५। मौज्दात कायम भएकोमा संचितकोषमा श्रेस्ताअनुसार रु.१६६२०५२५५।११ जिम्मेवारी सारेकोमा वित्तीय प्रतिवेदनमा रु १७,२९,७५,०५५.११ देखाएको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६९११००। बढी जिम्मेवारी देखाएको छ । | |
| ३. | गत वर्षको प्रतिवेदनमा संचित कोष, धरौटी तथा कोषहरु समेत रु.१८१८६५७७७। बाँकी रहेकोमा यस वर्ष आम्दानीमा वित्तीय विवरणले गत वर्षको मौजदात संचितकोष रु.१७२९७५०५५।११ र धरौटी रु.२५३४५५०।९३ गरी जम्मा रु.१७५५०९६०६ देखाएकोमा कोषहरुको गत वर्षको मौज्दात रु.१३२६७२७१।२० वित्तीय प्रतिवेदनमा समावेश गरेको छैन । | |
| ४. | **बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राखुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | संचित कोष खाता | ४४९२९३७२.२५ | ४१९८४७२०.२७ | -२९४४६५१.९८ |
| ३ | चालु खाता | ५५७१३०११.४९ | ८४२२४२४८.६४ | २८५११२३७.१५ |
| २ | पुँजीगत खाता | २५४५८०४.०५ | १३७९९५०३४.८९ | १३५४४९२३०.८४ |
| ४ | धरौटी | ५९३३४७६.५३ | ५३१३४६८.५८ | -६२०००७.९५ |
| ५ | प्रकोप व्यवस्थापन कोष | १८४४२२००. | १९१७७४७३. | ७३५२७३. |
| ६ | बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०. | १५५३७५३.०६ | १५५३७५३.०६ |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>७</td><td>विविध कोष खाता</td><td>५६५९५३९.३९</td><td>४७३४००७.८२</td><td>-९२५५३१.५७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३३२२३४०३.७१</td><td>२९४९८२७०६.२६</td><td>१६१७५९३०२.५५</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.१.</td><td>संचितकोषमा आषाढ मसान्तमा श्रेस्ताअनुसार रु.४,४९,२९,३७२।२५ र बैंकअनुसार रु.४,१९,८४,७२०।२७ देखाएको फरक रकम रु.२९४४६५१।९८ बैकमा घटी देखिएको रु.</td><td>२९४४६५१.९८</td></tr>
<tr><td>४.२.</td><td>नगरपालिकाले चालु खाता तर्फको रु.३२८५९०१८।२१ र पूजीगत खातातर्फको रु.४७३३७३८३।३३ को चेक सौँट्न बाँकीको विवरण तयार गरेको छ । चेक साट्न बाँकीको म्याद सम्म चेक साटिएकोमा बाँकी रहेको रु १४२०२२८८०।५४ मिति २०७७।६।१९ मा संचित कोष दाखिला गरेको छ ।</td><td></td></tr>
<tr><td>४.३.</td><td>धरौटीमा आ.व.को अन्त्यमा श्रेस्ता अनुसार रु.५९३३४७६।५३ र बैक अनुसार बाँकी ग्लोबल आइएमइ बैकमा रु.५१५९७१८।५८ र रा.बा.बैक धुलिखेलमा रु.१५३७५०।- गरी जम्मा रु.५३१३४६८।५८ देखाएकोमा फरक रु.६२०००७।९५ देखाएकोमा चेक साट्न बाँकी रकम ३६१५६६।०० मिति २०७७।४।७ साटेको बाहेक रु.२५८४४१।९५ बैंक घटी देखिएको २०७८/२/२९ मा संचितकोषबाट धरौटी खातामा रु २४०७४८/- ट्रान्सफर गरी हिसाब मिलान गरेपश्चात पनि बैंक घटी देखिएको रु.</td><td>१७६९३.९५</td></tr>
<tr><td>४.४.</td><td>विविध कोष खातामा रु.९२५५३१।५७ बैक घटी देखिएको रु.</td><td>९२५५३१.५७</td></tr>
<tr><td>४.५.</td><td>प्रकोप व्यवस्थापन कोषमा श्रेस्ता भन्दा बैकमा रु ७,३५,२७३।बढी देखिएकोमा रु ५,०७,२०८।०० को चेक साट्न बाँकी, रु २४०७४८। धरौटी वापत प्राप्त रकम प्रकोप व्यवस्थापन कोषमा आम्दानी बाँधेको र बाँकी रु १२६८३।श्रावणमा आम्दानी बाँधेको विवरण पेश भएको छ ।</td><td></td></tr>
<tr><td>५.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।</li>
<li>पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।</li>
<li>तोकीएको ढांचामा ठेक्का विल तयार नगरेको र ठेक्का बिलमा हाल सम्म भएको अध्यावधिक काम देखिने गरि अभिलेख नराखेको ।</li>
<li>नगर पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।</li>
<li>कार्यालयको श्रेस्ता र बैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।</li>
<li>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।</li>
<li>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति ३ पटक, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति को २ पटक बैठक बसेको छ ।</li>
<li>विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो।</li>
<li>पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो</li>
<li>वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।</li>
</ul></td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको र आर्थिक वर्षको अन्तमा मात्र मात्र इटिडिएस गरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्ष णको एकिकृत दीर्घकालीन योजना तयार नगरेको।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले शिक्षकहरु बाहेक अन्य नगर पालिकातर्फको स्थायी र विषयगत शाखातर्फको तलवी प्रतिवेदन पारित नगरी रु.१२३९६५८८.२ खर्च लेखेको पाईयो ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरीक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **बजेट तथा कार्यक्रम** | |
| ६. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नगर उप प्रमुख श्री निर्मला शाही मिति २०७६।३।१० गते रु.८२ करोड ७७ लाख ४० हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यो बर्ष रु.१ करोड अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट कार्यक्रम खर्च गर्ने गरेको पाइयो । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ८. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यको लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिती देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | मण्डनदेउपुर नगरपालिका | २३३३६९ | १३६२६ | ४०६२३ | १७९११९ | १५२३८९ |
| | खर्च प्रतिशत | १०० | **५.८३** | **१७.४१** | **७६.७५** | **६५.३०** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९. | **सेवा प्रवाहः** नगरपालिकाले यस आर्थिक वर्षमा निम्नअनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ। | |

| क सं | विवरण | सेवा प्राप्तीका लागि निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | नागरिकता सिफारिस | १००४ | १००४ | |
| २. | घरबाटो सिफारिस | ८२६ | ८२६ | |
| ३. | नाता प्रमाणित | ३०३ | ३०३ | |
| ४. | जन्म मृत्यु दर्ता | १३६५ | १३६५ | |
| ५. | अन्य | ७११५ | ७११५ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०. | **क्षेत्रगत वजेटः** नगरपालिकाको क्षेत्रगत बजेट स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| **क्षेत्र** | **बजेट** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २९०९९००० | २०८३११०५ | ३.६८ |
| सामाजिक विकास | २६९५१२५४२ | २२१६८३२०१।२१ | ३९.२० |
| पूर्वाधार विकास | ३६०२८६६२४ | १८४७२५४४७।११ | ३२.६७ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २९९०००० | २५४०१०९ | ०.४४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | २०७३५२४८२ | १३५६०५७८१।६२ | २३.९८ |
| **जम्मा** | **८६९२४०६४८** | **५६५३८५६४३।६२** | **१००** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ११. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित स्वास्थ्य पशु सेवा कृषि सेवाको गरी जम्मा ९८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ६६ जना पदपूर्ति भएको देखिन्छ । | |
| १२. | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी | |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५४ जना कर्मचारीहरु करारमा राखी रु.२१४४३३९६।०० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ७ पदमा १७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.७४७३०७८ भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न गो.भौ., मितिबाट कार्यालयमा कार्यचापको कारण जनाई रु४,१७,४७८।०० कर्मचारी प्रोत्साहन खर्च लेखेको छ।
<table>
<tr><td>गो.भौ.-मिति</td><td>खर्च शिर्षक</td><td>खर्च रकम</td></tr>
<tr><td>५८-२०७६।७।२६</td><td>अन्य भत्ता</td><td>१११९८४</td></tr>
<tr><td>२९२-२०७६।११।२३</td><td>सभा सञ्चालन खर्च</td><td>७९३३७</td></tr>
<tr><td>५७६-२०७७।०३।२६</td><td>अन्य भत्ता</td><td>२२६१५७</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४१७४७८</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>कानून निर्माण एवं कार्यान्वयन</td><td></td></tr>
<tr><td>१४.</td><td>कानून र सञ्चालन स्थिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले लेखापरीक्षण अवधिसम्म १८ वटा ऐन, ६ नियमावली २७ कार्यविधि, २ निर्देशिका र २ वटा नर्म्स गरी जम्मा ५५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नभएकोमा यो बर्ष दर्ता भएको ४१ मध्ये २६ वटा फछ्र्यौट भई १५ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविध खर्च शिर्षक अन्तरगत खाना खाजा, आर्थिक सहायता तथा सांस्कृतिक धार्मिक खर्च समेत गरी रु.३३ लाख ६० हजार खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>१७.</td><td>पदाधिकारी थप सुविधा - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएका सुविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले पदाधिकारी, सदस्य तथा सभाका सदस्यको लागि कुनै सुविधा निर्धारण गर्नुपर्दा यस ऐनमा तोकीएको सुविधालाई अधिक्तम मानेर आफ्नो अधिकार क्षेत्र भित्र</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रहेर आर्थिक स्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ । जसअनुसार पदाधिकारीहरुलाई पर्ब खर्च र पोशाक खर्च वापतको रकम भुक्तानी दिन मिल्ने देखिदैन । तर नगरपालिकाले ६४ पदाधिकारीहरुलाई पर्व खर्च वापत रु.६५७०००/- र पोशाक खर्च बापत रु.६४००००/- गरी जम्मा रु.१२९७०००/- लेखेको रु. | १२९७०००. |

| सि.नं. | पद | नाम | पर्व खर्च | पोशाक खर्च | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री टोक बहादुर तामाङ्ग | ३५००० | १०००० | ४५००० |
| २ | नगर उप प्रमुख | श्री निर्मला शाही | ३०००० | १०००० | ४०००० |
| ३ | वडा अध्यक्ष १ | श्री लक्ष्मण प्रसाद बास्ताकोटी | २१००० | १०००० | ३१००० |
| ४ | वडा अध्यक्ष २ | श्री केशव प्रसाद तिमल्सिना | २१००० | १०००० | ३१००० |
| ५ | वडा अध्यक्ष ३ | श्री दिल बहादुर तामाङ्ग | २१००० | १०००० | ३१००० |
| ६ | वडा अध्यक्ष ४ | श्री भुवन प्रसाद बजगाई | २१००० | १०००० | ३१००० |
| ७ | वडा अध्यक्ष ५ | श्री नेत्र प्रसाद ढकाल | २१००० | १०००० | ३१००० |
| ८ | वडा अध्यक्ष ६ | श्री डिल्ली प्रसाद आचार्य | २१००० | १०००० | ३१००० |
| ९ | वडा अध्यक्ष ७ | श्री नारायण प्रसाद लम्साल | २१००० | १०००० | ३१००० |
| १० | वडा अध्यक्ष ८ | श्री झलक प्रसाद पौडेल | २१००० | १०००० | ३१००० |
| ११ | वडा अध्यक्ष ९ | श्री जीत बहादुर तामाङ | २१००० | १०००० | ३१००० |
| १२ | वडा अध्यक्ष १० | श्री विष्णुमती नेपाल | २१००० | १०००० | ३१००० |
| १३ | वडा अध्यक्ष ११ | श्री माधव प्रसाद न्यौपाने | २१००० | १०००० | ३१००० |
| १४ | वडा अध्यक्ष १२ | श्री गोविन्द प्रसाद पराजुली | २१००० | १०००० | ३१००० |
| १५ | कार्यपालिका सदस्य | श्री कृष्ण बहादुर सार्की | ११००० | १०००० | २१००० |
| १६ | कार्यपालिका सदस्य | श्री निल कुमारी मिजार | ११००० | १०००० | २१००० |
| १७ | कार्यपालिका सदस्य | श्री पवित्रा भट्टराई | ११००० | १०००० | २१००० |
| १८ | कार्यपालिका सदस्य | श्री चुडा बहादुर शिवभक्ति | ११००० | १०००० | २१००० |
| १९ | कार्यपालिका सदस्य | श्री खड्ग बहादुर फुर्कोटी | ११००० | १०००० | २१००० |
| २० | कार्यपालिका सदस्य | श्री सावित्री जमरकटेल आचार्य | ११००० | १०००० | २१००० |
| २१ | कार्यपालिका सदस्य | श्री सुमित्रा भट्टराई | ११००० | १०००० | २१००० |
| २२ | कार्यपालिका सदस्य | श्री गिता नेपाल | ११००० | १०००० | २१००० |
| २३ | नगर सभा सदस्य | श्री अञ्जली तामाङ | ६००० | १०००० | १६००० |
| २४ | नगर सभा सदस्य | श्री सानिकान्छी दमाई | ६००० | १०००० | १६००० |
| २५ | नगर सभा सदस्य | श्री जोग बहादुर तामाङ | ६००० | १०००० | १६००० |
| २६ | नगर सभा सदस्य | श्री राम प्रसाद ढकाल | ६००० | १०००० | १६००० |
| २७ | नगर सभा सदस्य | श्री डम्बर बहादुर तामाङ | ६००० | १०००० | १६००० |
| २८ | नगर सभा सदस्य | श्री स्मृति घोरासाइने | ६००० | १०००० | १६००० |
| २९ | नगर सभा सदस्य | श्री राज कुमार मल्ल | ६००० | १०००० | १६००० |
| ३० | नगर सभा सदस्य | श्री नारायणी दमाई | ६००० | १०००० | १६००० |
| ३१ | नगर सभा सदस्य | श्री रुद्र बहादुर तामाङ | ६००० | १०००० | १६००० |
| ३२ | नगर सभा सदस्य | श्री झलक बहादुर तामाङ | ६००० | १०००० | १६००० |
| ३३ | नगर सभा सदस्य | श्री कान्छी तामाङ | ६००० | १०००० | १६००० |
| ३४ | नगर सभा सदस्य | श्री सपना सुनुवार | ६००० | १०००० | १६००० |
| ३५ | नगर सभा सदस्य | श्री कृष्ण प्रसाद बजगाई | ६००० | १०००० | १६००० |
| ३६ | नगर सभा सदस्य | श्री शान्ति तिमल्सिना | ६००० | १०००० | १६००० |
| ३७ | नगर सभा सदस्य | श्री संजय कुमार तामाङ | ६००० | १०००० | १६००० |
| ३८ | नगर सभा सदस्य | श्री मिना दमाइ | ६००० | १०००० | १६००० |
| ३९ | नगर सभा सदस्य | श्री दुर्गा प्रसाद डोटेल | ६००० | १०००० | १६००० |
| ४० | नगर सभा सदस्य | श्री हरि बहादुर डोटेल | ६००० | १०००० | १६००० |
| ४१ | नगर सभा सदस्य | श्री सविना दमाइ | ६००० | १०००० | १६००० |
| ४२ | नगर सभा सदस्य | श्री पार्वती तामाङ | ६००० | १०००० | १६००० |
| ४३ | नगर सभा सदस्य | श्री भिममणी ढकाल | ६००० | १०००० | १६००० |
| ४४ | नगर सभा सदस्य | श्री हरि कुमार राई | ६००० | १०००० | १६००० |
| ४५ | नगर सभा सदस्य | श्री भिमलाल श्रेष्ठ | ६००० | १०००० | १६००० |
| ४६ | नगर सभा सदस्य | श्री रामकृष्ण राई | ६००० | १०००० | १६००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|
| | ४७ | नगर सभा सदस्य | श्री लक्ष्मी परियार | ६००० | १०००० | १६००० | |
| | ४८ | नगर सभा सदस्य | श्री सुर्य बहादुर राइ | ६००० | १०००० | १६००० | |
| | ४९ | नगर सभा सदस्य | श्री बिमला पौडेल | ६००० | १०००० | १६००० | |
| | ५० | नगर सभा सदस्य | श्री दिपेन्द्र ठकुरी | ६००० | १०००० | १६००० | |
| | ५१ | नगर सभा सदस्य | श्री हिरा कामी | ६००० | १०००० | १६००० | |
| | ५२ | नगर सभा सदस्य | श्री देवेन्द्र प्रसाद सापकोटा | ६००० | १०००० | १६००० | |
| | ५३ | नगर सभा सदस्य | श्री कुमार श्रेष्ठ | ६००० | १०००० | १६००० | |
| | ५४ | नगर सभा सदस्य | श्री ज्ञानु कार्की | ६००० | १०००० | १६००० | |
| | ५५ | नगर सभा सदस्य | श्री बाटे अछामी | ६००० | १०००० | १६००० | |
| | ५६ | नगर सभा सदस्य | श्री राम बहादुर तामाङ | ६००० | १०००० | १६००० | |
| | ५७ | नगर सभा सदस्य | श्री कामी सिँह तामाङ | ६००० | १०००० | १६००० | |
| | ५८ | नगर सभा सदस्य | श्री रामलाल तामाङ | ६००० | १०००० | १६००० | |
| | ५९ | नगर सभा सदस्य | श्री मिना रसाइली | ६००० | १०००० | १६००० | |
| | ६० | नगर सभा सदस्य | श्री रामशरण थापा | ६००० | १०००० | १६००० | |
| | ६१ | नगर सभा सदस्य | श्री नारायण प्रसाद पराजुली | ६००० | १०००० | १६००० | |
| | ६२ | नगर सभा सदस्य | श्री भिमसेन ठकुरी | ६००० | १०००० | १६००० | |
| | ६३ | नगर सभा सदस्य | श्री बिन्दा पराजुली | ६००० | १०००० | १६००० | |
| | ६४ | नगर सभा सदस्य | श्री चमेली सार्की | ६००० | १०००० | १६००० | |
| | | | कुल जम्मा | ६५७००० | ६४०००० | १२९७००० | |

१८. **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । तर पालिकाले यस वर्ष देहायअनुसारका ६ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.१६ लाख २५ हजार अनुदान उपलब्ध गराएका छन् ।

| सि नं | संस्था | रकम |
|---|---|---|
| १. | जन मिलन सहकारी भवन निर्माण | ४००००० |
| २. | पत्रकार महासंघ | ५००००० |
| ३. | प्रेस संगठन नेपाल | २५००० |
| ४. | मण्डनदेउपुर सहकारी समिति | २००००० |
| ५. | डेडी थुम्का फाउण्डेशन | ३००००० |
| ६. | सामुदायिक वन उपभोक्ता महासंघ | २००००० |
| | **जम्मा** | १६२५००० |

१९. **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । तर पालिकाले पुँजिगत शीर्षकबाट नगरस्तरीय परीक्षा संचालन गरी रु.५,९२,८४२।०० भुक्तानी दिएको पाईयो ।

२०. **ठेक्का व्यवस्थाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम ३ बमोजिम वार्षिक कार्यक्रम कार्यान्वयन तालिका बनाउनुपर्ने तथा कार्यान्वयन हुने योजनाको लागत अनुमान तयारी स्वीकृत, निर्माण कार्य सम्पन्न गर्न अन्य निकाय सँग लिनुपर्ने सहयोगको लागि व्यवस्थापन तथा बोलपत्र आह्वान र ठेक्का पट्टा व्यवस्था गरी यस वर्ष कार्यान्वयन गरेकोमा प्रथम चौमासिक भित्र गरी सक्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न शिर्षकका १३ ठेक्का व्यवस्था गरी यस वर्ष कार्यान्वयन गरेकोमा प्रथम र दोस्रो चौमासिकमा कुनै पनि ठेक्का व्यवस्था नभएको तथा तेस्रो चौमासिकमा १३ ठेक्का व्यवस्था भएका छन् । सो मध्ये यस वर्ष १ वटा ठेक्का सम्पन्न भएका छन् भने १०(नदीजन्य पदार्थ संकलनतथा विक्री र नगरस्तरीय अस्पताल बाहेक)वटा ठेक्का समयमा नै सम्पन्न हुन नसकी लाभग्राही वर्ग प्राप्त हुने प्रतिफलबाट बञ्चित भएका छन् । अतः नियमावली बमोजिम तोकेको समयमा ठेक्का व्यवस्था तथा कार्यान्वयन गरी कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| क.सं. | कार्यक्रमको नाम | ठेक्का सम्झौता | | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | प्रथम चौमासिक | | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | नगरकोट नयाँगाउ सडककालोपत्रे phase ii | | | | | | | १ | ४२०३९३६।८० | | | | |
| २ | कुन्ता रातो पैरो चैनपुर वयरवोट सडककालोपत्रे phase II | | | | | | | १ | ४२०३९३६।८१ | | | | |
| ३ | डेडीदेवी खानेपाने वडा नं ८ | | | | | | | १ | २९९६७९।३२ | | | | |
| ४ | गहते रातमाटा खानेपाने योजना वडा नं ९ | | | | | | | १ | ३४६३७००।२६ | | | | |
| ५ | कुन्ता नयाँगाउ नगरकोट सडक कालोपत्रे | | | | | | | १ | ४८९८२४९०।९२ | | | | |
| ६. | नगरस्तरीय अस्पताल निर्माण | | | | | | | १ | ९०६८७५८६।१९ | | | | |
| ७. | नर्सरी पौवाटार सडक निर्माण तथा स्तरउन्नती | | | | | | | १ | ४५३७०१७।६२ | | | | |
| ८ | नर्सरी पौवाटार सडक पक्की नाली निर्माण तथा ग्रावेल | | | | | | | १ | ३१६७३७६.२६ | १ | | १ | ३१६७३७६.२६ |
| ९ | कार्तिके चुरीथुम्का सिपाघाट सडक | | | | | | | १ | ३७५११२२।५८ | | | | |
| १० | नगरकोट नयाँगाउ सडक कालोपत्रे phase I | | | | | | | १ | ११९४१२५०।९४ | | | | |
| १ | कुन्ता रातोपैरो चैनपुर बयरबोट सडक कालोपत्रेphase I | | | | | | | १ | १२०२३८८४।७४ | | | | |
| १ | नदिजन्य पदार्थ संकलन तथा विक्री | | | | | | | १ | सम्पन्न भएको । | | | | |

## कर दस्तुर एवं आन्तरीक आय

२१. आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरि प्रमाण राख्नुपर्ने ब्यवस्था रहेको छ । कार्यालयले यो वर्ष आन्तरिक आम्दानी रु.१८९११५५९३।७४ गरेको बिवरण प्राप्त भएको छ । नगद तथा बैंक मार्फत आम्दानी भएको रकमको दैनिक आम्दानी तथा दाखिला विवरण तयार नगरी वडाहरुबाट सोझै बैंक दाखिला गरेको भौचरको आधारमा आम्दानी बाँधेको देखियो । वडागत रुपमा विभिन्न शिर्षकहरुमा प्राप्त हुने रकमको लागि कस्ता प्रकारका आयका लागि कस्ता व्यक्ति वा संस्थाबाट प्राप्त हुनुपर्ने हो र कतिले बुझाउन बाँकी छ भन्ने वडा तथा नगरपालिकाले अभिलेख राखेको छैन । जसले गर्दा आन्तरिक आयको सम्बन्धमा प्राप्त हुनु पर्ने वा उठाउन पर्ने राजश्व तथा उठेको सबै राजश्व आम्दानी जनाएको सम्बन्धमा एकिन गर्न सक्ने अवस्था छैन । तोकिएका म.ले.प.फारम नं.१०८, १०८(क) र (ख), १०९ र २३ लगायत निम्नानुसारका अभिलेखहरु ब्यवस्थित राखेको नदेखिदा नगरपालिका र वडा कार्यालयहरुबाट भएको आम्दानी यकिन गर्न सकिएन । यस सम्वन्धमा यथार्थता छानविन गरीनु पर्दछ ।

२१.१.
- आन्तरीक आयमा प्रयोग हुने रसिदहरुको छपाई, आम्दानी, खर्च र बांकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता ब्यवस्थित नरहेको,
- गत आ.व.मा छपाई भएका नगदी रसिदहरु समेत प्रयोगमा आएको पाइएको तर त्यसको अ.ल्या. र बाकी समेत देखिने अभिलेख अद्यावधिक नगरेको,
- वडामा पठाइएको रसिदहरु र हाल रसिदको अवस्थाको सम्वन्धमा अभिलेख अद्यावधिक नभएको,
- बांकी रसिद प्याड कार्यालयमा फिर्ता गरिएको रसिद नियन्त्रण खातामा उल्लेख भएतापनि कार्यालयमा उपलब्ध नभएको,
- कतिपय वडाहरुले कार्यालयले उपलब्ध गराएको नगदी रसिद प्रयोग नगरेको ।

२२. आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ को उपदफा १ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मा

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | आएको सरकारी नगदको हकमा सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गरि स्रेस्ता खडा गर्नुपर्ने र उपदफा ५ मा दाखिला गर्नुपर्ने त्यस्तो नगदी रकम बैक र कार्यालय बीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्न थप म्याद तोकिदिन सक्नेछ भन्ने ब्यवस्था भएकोमा गाँउपालीका र अन्तरगतका वडा कार्यालयहरुले ऐनमा उल्लेख भए बमोजिमको समायावधिमा बैक दाखिला नगरी ढिलो दाखिला गर्ने गरेको देखियो । आम्दानी भएको रकम तोकिएको समयमा दाखिला गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ । | |
| २३. | **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २(झ) मा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने हुन आएको राजस्वको सम्वन्धित आय शिर्षक जनाई कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ । | |
| २४. | **आम्दानीको स्थितिः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार नगरपालिकले यस वर्ष विभिन्न शिर्षकमा रु.१८९११५५९३।७४ आम्दानी गरेको देखिन्छ । | |

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | प्रतिशत |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | ६९,००,००० | ३२,३२,४३५ | ४६.८४ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ९,२५,००,००० | ६,२३,०८,५१८.८८ | ६७.३६ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,७३,८९,००० | २,७७,८४,३७५.९९ | १५९.७ |
| जम्मा कर राजस्व | ११,६७,८९,००० | ९,३३,२५,३२९.८७ | ७९.९० |
| १४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी | १०,९७,५४,६४८ | ६,२४,९४,३६१ | ५६.९ |
| १४१९१ पर्यटन शुल्क | १,५०,००,००० | १,१४,८६,३५० | ७६.५७ |
| १४२४२ नक्सापास दस्तुर | ६५,००,००० | ३०,९९,८५९ | ४७.६९ |
| १४२४३ सिफारिश दस्तुर | ६५,००,००० | १८,९८,८१४ | २९.२१ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ६७,५३,००० | १,३४,२९० | १.७५ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | २,००,००,००० | ४९,९६,०८६ | २४.९ |
| १४२६५ अन्य क्षेत्रको आय | २५,००,००० | १,१६,८०,५०३.८७ | ४६७.२२ |
| जम्मा गैर कर राजस्व | १६,७०,०७,६४८ | ९,५७,९०,२६३.८७ | ५७.३५ |
| जम्मा आन्तरिक राजस्व | २८,३७,९६,६४८ | १८,९१,१५,५९३.७४ | ६६.६३ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २५. | नगरपालिकाले नगदी रसिदको विवरण पेश गरेको भएतापनि वडा कार्यालयहरुले कति प्रयोगमा ल्याइ वर्षको अन्त्यमा कति बाँकी छन् सो को अभिलेख नराखेको, नगरपालिकले प्राप्त भएको रसिदबाट एकमुष्ट जोड जम्मा गरी बैक दाखिला गर्ने गरेको पाइयो । रसिदबाट हुने आम्दानीको दैनिक आम्दानी खाता, बैंक दाखिला खाता लगायतका म.ले. प. फारमहरु प्रयोग नगरेको कारण आम्दानी भिडान हुने अवस्था छैन । | |
| २६. | **रकम ढिला दाखिला गर्ने** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९.६ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २/३ महिना पछी मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान जानु पर्दछ । | |
| २७. | **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.४९९६०८६।०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २८. | **विज्ञापन कर** - बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असुल गर्ने उल्लेख छ । तर पालिकाले यस सम्बन्धी कुनै कर असुल गरेको देखिएन। | |
| २९. | **कृषिमा आय कर** - बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ६ मा आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि निजहरुको स्वयं घोषणाको आधारमा कृषि आयमा कर लगाई असूल गरिने उल्लेख छ । तर पालिकाले यसवर्ष यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन् । | |
| ३०. | **वडा अनुसार राजश्व संकलनको व्यवस्थाः** नगरपालिकाले पेश गरेको वडागत आन्तरीक आम्दानीको विवरणमा वडाहरुको एकमुष्ट आम्दानी रु.२०९२६७२। गरेको देखाएकोमा शीर्षकअनुसार आम्दानी छुट्टिदैन । नगरपालिको विभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ । | |

| वडा नं | कर |
|---|---|
| १ | २४१४४३ |
| २ | ३१४१७२ |
| ३ | १३५७९५ |
| ४ | १४३६५५ |
| ५ | १८१४३४ |
| ६ | २३७६५ |
| ७ | १८५६७० |
| ८ | १०६१४८ |
| ९ | १६७६८५ |
| १० | १५०७०० |
| ११ | १६४६५५ |
| १२ | ६३९५० |
| **जम्मा** | **२०९२६७२** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३१. | **घर नक्साः** नगरपालिका स्थापना २०७३ साल देखि हाल सम्म ८३४ वटा नक्सा पास तथा सम्पन्न लागि दर्ता भएको देखाएकोमा कुन वर्ष कति दर्ता भएको भनी मिति खुल्ने गरि अभिलेख राखेको छैन।दर्ता भएका मध्ये कति संख्यामा नक्सा पास तथा सम्पन्न दिएको भन्ने अभिलेख समेत राख्ने नगरेको ले नगरपालिका क्षेत्र भित्र घर सम्पन्न संख्याको एकिन भएन। तसर्थ नक्सा पासको अभिलेखलाई व्यवस्थित गरेर राख्न पर्ने देखियो। | |
| ३२. | **ढुङ्गा गिट्टी वालुवाको आम्दानीः** इन्द्रावती नदी, चाखोला, आँशीखोला, ढाँडखोला र थारखोलाको नदिजन्य पदार्थ संकलन तथा बिक्रीको लागि आई.ई.ई.मा उल्लेखित क्षेत्रहरुमा १३३०६०७२ क्यु.फिटको प्रति रु.९ले रु.११९७५४६४८।को न्यनतम लागत अनुमान गरी बढाबढको लागी आह्वान गरेकोमा छैठौ पटकसम्म पनि कुनैपनि बोलपत्र नपरेको कारण संकलन गर्ने स्थान क्षेत्रको जम्मा परिमाणमा ४६८९३०६.५८ घ.फि घटाइ ८६१६७६५.४२ घ.फि.को लागि मात्र रु.७७५५१००८।को न्यूनतम कबोल अंक कायम गरी ०८६।८।२४ मा १० दिने सुचना गरेकोमा एक मात्र कबोल गर्ने तपेश्वर निर्माण सेवा प्रा.लिको रु.७७५७५०७५मा कबोल सकारेकोले मिति ०७६।९।२ मा स्वीकृत गरेको | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | छ। | |
| ३२.१. | ठेकेदारको कार्य सम्पादन गर्ने ३६५ दिन बांकी नभएकोले २०० दिनको लागि हुने परिमाणको मात्र उत्खनन संकलन तथा बिक्री गर्ने गरि सोही अवधि बराबर आउने रकम रु.४२५०६८९२।लाई ४ किस्तामा विभाजन गरी ठेक्का सम्झौता गराउने २०७६।९।११ मा वसेको नगरकार्यपालिकाको बैठकले निर्णय भए बमोजिम २०७६।९।१३ मा कबुलियत गरेको छ । | |
| ३२.२. | नगरपालिकाले बोलपत्रको सुचना गर्नु पूर्व नै कुन अवधि देखि कति अवधि सम्मको संकलन तथा बिक्री गरिने हो संशोधित लागत अनुमान स्वीकृत गराउनु पर्नेमा संशोधित लागत अनुमान नगरी बार्षिक संकलन गरिने रु.७७५५१००८।लागत अनुमानलाई नै न्यनतम अंक मानी २०७६।८।२४ मा बोलपत्र आह्वान गरेकोले सोही बोलपत्रको आधारमा रकम बुझाउने ठेक्का कबोल गरी बोलपत्र ०७६।९।२ मा स्वीकृत गरे पछी नगरकार्यपालिकाबाट कबोल अंकलाई बार्षिक संकलन तथा बिक्री अंक मानी कार्य सम्पन्न गर्न बांकी २०० दिनको ठेक्कालाई मु अ कर बाहेक रु.४२५०६९८२। बुझाउने गरि ठेकेदारसंग सम्झौता गरेको कारण नगरपालिकालाई रु.३५०६८१८३। घाटा भएको देखियो । दैनिक संकलन परिमाण नतोकिएको र सम्झौताकर्ताले संकलन गरेको परिमाणको अभिलेख पालिकामा बुझाउने नगरेको अबस्थामा बाँकी २०० दिनकै अवधिमा सम्झौता बमोजिमको परिमाण संकलन गर्नेसक्ने अबस्था रहेकोले यस सम्बन्धमा थप छानविन गरी ठेक्का स्वीकार गरेको अंकभन्दा घटीमा सम्झौता गरेको रकम असुल गर्ने रु. | ३५०६८१८३ |
| ३२.३. | ढुंगा गिट्टी बालुवाको स्पष्ट परिमाण खुलाई प्रारम्भिक वातावरणीय मुल्याँकन (IEE) प्रतिवेदनको आधारमा ठेक्का व्यवस्था हुने भएता पनि ठेक्का प्राप्त गर्ने व्यक्तिले के कति परिमाणमा प्राकृतिक श्रोतहरु उत्खनन/संकलन गरे सो सम्बन्धमा अनुगमन गरी यथार्थ परिमाण खुल्ने विवरण नगरपालिकाले नराखेकोले के कति परिमाण उत्खनन/संकलन भयो सो सम्बन्धमा विश्लेषण गर्न सकिएन । | |
| ३२.४. | कोरोना भाइरस संक्रमण तथा रोकथामका सिलसिलामा लकडाउन भई यातायात, निर्माण, उद्योग व्यवसाय, निर्माण सामग्री ढुवानी तथा बिक्री बितरण बन्द भएको कारण कर संकलन कार्य बन्द भएकोले दैनिक रुपमा आम्दानी गरेर कर तिर्नुपर्ने प्रकृतिका नदिजन्य पदार्थ उत्खनन संकलन तथा बिक्री ठेक्का कर तपेश्वर निर्माण सेवालाई बढीमा २ महिनको छुट दिन भनि २०७७।३।१६ मा वसेको नगर सभाबाट निर्णय गरेकोले ठेकेदारले सम्झौता रकम मुल्य अभिबृद्धि कर समेतको रु.४८०३२७८८।मा ५८ दिनको छुट रकम रु.१३९२९५३८/- कट्टा गरी रु.३४१०३२७९।४८ दाखिला गरेको देखियो। दैनिक संकलन परिमाण नतोकिएको र सम्झौताकर्ताले संकलन गरेको परिमाणको अभिलेख पालिकामा बुझाउने नगरेको अबस्थामा छुट दिएको ५८ दिन बाहेककै अवधिमा सम्झौता बमोजिमको परिमाण संकलन गर्नेसक्ने अबस्था रहेकोले यस सम्बन्धमा थप छानविन गरी छुट दिएको रकम असुल गर्ने रु. | १३९२९५३८ |
| ३२.५. | नगरपालिकाले नदिजन्य पदार्थको संकलन तथा बिक्रीको ठेक्का नलागेको अवधि २०७६।४।१ देखि कर्मचारीहरु नियुक्ती गरी कर उठाउने मिति २०७६।३।२६ को निर्णय अनुसार २०७६।९।१२ सम्म अमानतबाट रु.२८३९१०८१।कर असुली भएको आन्तरिक आम्दानी बाट देखियो। | |
| ३२.६. | नगरपालिकाले कर्मचारीबाट कर संकलन गर्ने नगदी रसिद १ देखि १६२०० सम्म ३४२ बुझेको र २०७६/९/१२ सम्म प्रयोग गरी खर्च नभएको रसिद प्याड समेत फिर्ता गरेको अभिलेख भएता पनि व्यवस्थित रुपमा नगदी रसिदको व्यवस्थापन नगरेको कारण कति प्रयोग भएको तथा प्रयोग नभै फिर्ता बुझाएको एकिन गर्न सकिएन । त्यस्तै नगरपालिकाले यस वर्ष सवारी कर बापत रु.११५९४०२.२० आम्दानी गरेकोमा नगदी रसिदको नियन्त्रण खाता तथा नगदी रसिद व्यवस्थित रुपमा नराखेको कारण भिडान गर्न सकिएन । | |
| ३२.७. | **गिट्टी,ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरीबाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कोषमा जम्मा गर्ने ब्यवस्था गरेको छ । यसै सम्बन्धमा बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रि बापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४०र ६० प्रतिशत हुनेगरीबाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क)बिपरित देखिन्छ । यस नगरपालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रु.५८५७०९७४.३५ राजस्व प्राप्त गरेकोमा स्थानिय संचितकोषमा जम्मा गरेको पाईयो । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सोबिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | |
| ३३. | **नन्फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् । | |
| ३३.१. | नगरपालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.१३२२०७.४ समेत रु.७६६२८३/- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | १३२२०७.४ |

| सि नं | भौ नं मिति | पार्टीको नाम | बिल नं. | बिल रकम | जम्मा मु अ कर | नन्फाइलर मिति |
|---|---|---|---|---|---|---|
| १ | ८।०७६।६।१४ मर्मत | जनसेवा मल्टी प्रपोज प्रा. लि. | ८ | १६००० | १८४०.७१ | 2076।M।5 |
| 2 | | जनसेवा मल्टी प्रपोज प्रा. लि. | ९ | ७४००४ | ८५१३.७३ | 2076।M।5 |
| ३ | १०।०७७।६।१६ मर्मत | कश्यपेश्वर निर्माण सेवा | १ | ३९२२२.३७ | ४५१२.३१ | 2075।M।11 |
| 4 | | कश्यपेश्वर निर्माण सेवा | २ | २८६६२.४५ | ३२९७.४५ | 2075।M।11 |
| ५ | ३९।०७७।३।१८ मर्मत | कश्यपेश्वर निर्माण सेवा | १० | ४०४५४ | ४६५४.०० | 2075।M।11 |
| ६ | ३६।०७७।३।१५ मर्मत | कश्यपेश्वर निर्माण सेवा | ९ | ५२५९० | ६०५०.२० | 2075।M।11 |
| ७ | २३।०७६।११।१६ मर्मत | कश्यपेश्वर निर्माण सेवा | ६ | १९२०१० | २२०८९ | 2075।M।11 |
| 8 | २०।०७६।९।१३ मर्मत | माता अम्बिका सप्लायर्स | ३ | ३२६६० | ३७७०. | 2074।M।2 |
| ९ | १९।०७६।९।८ मर्मत | राहुल कन्स्ट्रक्सन | ३५ | १७६२८० | २०२८०.० | 2077।M।२ |
| १० | ५८।०७६।११।७ न पा पुँजिगत | आदिति बालुवा प्रशोधन उद्योग | | ११४४००। | ५७२००। | २०७६/१० |
| जम्मा | | | | ७६६२८३ | १३२२०७.४ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३३.२. | उपभोक्ता समितिबाट देहायका फर्मलाई मू.अ.कर रु.११७७५३ समेत रु.१०२३५४१/- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | ११७७५३ |

| सि नं | भौ नं मिति | पार्टीको नाम | बिल रकम | जम्मा मु अ कर | नन्फाइलर मिति |
|---|---|---|---|---|---|
| १ | १२९।०७७।३।२ न पा पुँजिगत | आदिति बालुवा प्रशोधन उद्योग | २६१८६६। | ३०१२६ | २०७६/M/१० |
| २ | ३४८।०७७।३।३१ न पा पुँजिगत | आदिति बालुवा प्रशोधन उद्योग | १०३७४०। | ११९३५ | २०७६/M/१० |
| ३ | २।०७७।१।३ प्र स ह | न्यु श्रमिक निर्माण सेवा काभ्रे | १२९४८०। | १४८९६ | २०७६/M/१० |
| ४ | १०।०७७।३।३१ प्र स ह | आदिति बालुवा प्रशोधन उद्योग | २०११७५। | २३१४४ | २०७६/M/१० |
| ५ | ३।०७७।३।२५ प्र पु वि | न्यु श्रमिक निर्माण सेवा काभ्रे | २११३८५। | २४३१९ | २०७६/M/१० |
| ६ | ५।०७७।३।२५ प्र वु वि | माता अम्विका सप्लायर्स चन्द्रागिरि | ११५८९५। | १३३३३ | २०७४/M/१० |
| जम्मा | | | १०२३५४१ | ११७७५३ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ३४. | **लागत सहभागिता** – नगरपालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| | **नगरपालिका पुँजिगत** | |
| ३५. | **अनुदान वितरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान गर्दा साजर्वजनिक निकायले जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानिय बजारमा प्रचलित दरभाउ र अन्य बजारको प्रचिलत दरभाउको आधारमा मुल्य निर्धारण गर्नु पर्ने व्यवस्था गरेको छ नगरपालिकाले सार्वजनिक खरिद नियमावलिमा व्यवस्था गरे बमोजिम नगरी नेपाल कृषि अनुसन्धान परिषद कृषि इन्जिनियरबाट स्पेशिफिकेसन र लागत गरिएको छ।सोही लागत अनुमानको आधारमा सिलबन्दी बोलपत्रको माध्यम नारायणी मेसिन प्रा लि बाट कृषि औजार मिनिटेलर १०९ र पावर थ्रेसर २१ थान खरिद गरेको बिल अनुसार भौ नं २।०७६।५।२३ बाट रु. ५४०६०००। भुक्तानी गरेको छ। खरिद कृषि औजारहरु ५० प्रतिशत अनुदानमा कृषकहरुलाई बितरण गरेको भरपाइ पेश गरेकोमा कृषक तथा कृषक समुह छनौट विधि तथा छनौट आधारहरु उपलब्ध भएन। कृषकहरुलाई कृषि औजार वितरण पछी गर्नु पर्ने अनुगमन गरेको समेत देखिएन । | |
| ३६. | **मुल्य अभिवृद्धि करः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य दिदां उप नियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मुल्य अभिबृद्धिकर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख गरेको छ ।नगरपालिकाले बिभिन्न योजनाको निर्माणको लागत इष्टिमेट तयार गर्दा निर्माण सामाग्रीको जिल्ला दरमा मुल्य अभिबृद्धी कर समेत थप गरी आइटम वाइज कामको दर विश्लेषण गरेको छ। उपभोक्ताले निर्माण सामाग्री खरिद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भएको आपुर्तिकर्ताबाट मात्र खरिद गरेको बिजक पेश गर्नु पर्नेमा मुल्य अभिबृद्धि करमा दर्ता नभएको साधारण विल पेश गरेको छ।मुल्य अभिबृद्धि करमा दर्ता नभएकोले मुल्य अभिबृद्धि कर रकम कट्टा गरेर मात्र समितिलाई भुक्तानी गर्नु पर्नेमा नगरपालिकाले निर्माण कामको प्राविधिक मुल्यांकन गरेको आधारमा मुल्य अभिबृद्धि कर समेत उपभोक्ता समितिलाई भुक्तानी गरेको रु. | ५१६९११ |

| भौ नि मिति | योजनाको नाम | कामको विवरण | परिमाण | निर्माण सामाग्री | मु अ कर भएको दर | जिल्ला दर | मु अ कर रकम |
|---|---|---|---|---|---|---|---|
| ५।०७६।७।६ | नगरकोट पर्यटक सडक स्तरोन्नती तथा कालो पत्रे उ स | ग्राभेल विच्छाउने काम | ८०.४८ घ मी | ग्राभेल ८८.५२ घ मि | १८६४।५० | १६५० | १८९८७. |
| | | सबबेस कोर्स | २४१.४३ | सववेस ३०९.०३ घ मि | २३७३ | २१०० | ८४३६५. |
| | | एम बि सि डी १ ग्रेडिङ्ग | १६०.९५ घ मी | सववेस १९३.१४ घ मि | २८२५ | २५०० | ६२७७०. |
| | | | | ढुङ्गाको धुलो ४२.८१ घ मी | ९९४।४० | ८८० | ४८९७. |
| | | सुख्खा ढुङ्गाको सोलिङ्ग | २७.७५ घ मी | ढुङ्गा ३०.५२ घ मि | २४८६। | २२००। | ८७२८. |
| | | १:२:४ सिमेन्ट बालवा गिट्टी मसलाको वाल | ४८.८४ घ मी | वालुवा २१.४८ घ मी | ४३५०।५० | ३८५०। | १०७५०. |
| | | | | गीट्टी १६.११ घ मि | ३७२९। | ३३०० | ६९११. |
| | | लोकल वेसको काम | १०५ घ मी | लोकल वेस ११५.५ घ मी | ७९१। | ७००। | १०५१० |
| ६२।०७६।११।१३ | अघेरी सिपाघाट मसानेपाटी सडक | ग्राभेल गर्ने काम | १०५० व मी | ग्राभेल १३६.५ घ मी | १८६४.५ | १६५० | २९२७९. |
| २९६।०७७।३।२८ | नर्वदा रानीटार माथिल्लो खर्क खापा | स्थानिय ग्राभेल गर्ने काम | २२.५० घ मी | ग्राभेल २४.७५ | ७९१ | ७०० | २२५२ |
| १३५।०७७।३।३ | वडा ११ कार्यालय भवन | पि सि सि १:१.५:३<br>पि सि सि १:२:४<br>१२.५ प्लाष्टर<br>५० मि मि कोरा | १५.३१<br>२.६६<br>५४०<br>१३६ | बालुवा १९.०७<br>गिट्टि १५.७४ | ३९७७<br>३७२९ | ३५२०<br>३३०० | ८७१५<br>६७५२ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३।०७६।<br>७।२७ | वडा १ सडक मर्मत | ग्राभेल गर्ने काम | ८७.घ मि | ग्राभेल ९५.७ | ७९१ | ७०० | ८७०८ |
| ३६।०७६।<br>९।२९ | भंगेरी रोहीणी भन्ज्याङ्ग | ढलान गर्ने<br>पि सि सि १:२:४ | ४३.८०<br>९३.८० | गिट्टि २२.७७<br>बालुवा १९.२७ | ३७२९<br>४३५०.५० | ३३००<br>३८५० | ९७६८<br>९६४४ |
| ९०।०७७।<br>२।२ | तिनकुने ढकाल थोक सडक | ढुङ्गा सोलिङ्ग | ११.४७ | ढुङ्गा १२.५९ | २४८६। | २२०० | ३६०० |
| ९९।०७७।<br>२।१५ | भद्काली पञ्यपाले घट्टेखोला सडक | ग्याबिनमा ढुङ्ग भर्ने | १४ वटा | ढुङ्गा ३०.८० | २४८६। | २२०० | ८८०८। |
| १९३।०७७<br>।३।१८ | नगरकोट सौचालय नि | ढुङ्गा सोलिङ्ग<br><br>१:४ मेसोनरी वाल | ४.१६<br><br>१३.११ | ढुङ्गा ५<br><br>बालुवा ५.८९<br>ढुङ्गा १४.४२ | २४८६<br><br>३९७७<br>२४८६ | २२००<br><br>३५२०<br>२२०० | १४३०<br><br>२६९१<br>४१२४ |
| २६६।३।२<br>५ | काफ्लेनि भन्ज्याङ्ग चिते सडक | १:४ मेसोनरी वाल<br>ग्याबिन बक्स | ४८.९६<br>५०<br>बक्स | बालुवा२२.०३<br>ढुङ्गा ११० | ३९७७।<br>२४८६ | ३५२०<br>२२०० | १००६७<br>३१४६८ |
| ३३९।०७७<br>३।३१ | ल्याण्ड फिल्ड साइट पहुच | ग्राभेल गर्ने | २४३ | ग्राभेल २६७.३ | ७९१ | ७०० | २४३२४ |
| ५१। | मुहान पोखरी | ढुङ्गा सोलिङ्ग | २.५ | ढुङ्गा ३ घ मि | २४८६ | २२०० | ८५८ |
| १५८ | तपेश्वर खेल मैदान | ग्याबिन बक्स | ३०<br>बक्स | ढुङ्गा ६६ घ मि | २४८६ | २२०० | १८८७६ |
| १८३ | रानीटार थुम्की चौतारी | जगमा १:३:६ पि सि सी<br>बेसमा १:२:४ मसला | बालुवा | १४.८८ घ मी | ४५५०.५ | ३८५० | १५८९५ |
| २२० | गैर्हीखेत निर्माण बांध | १:२:४ पि सि सि | बालुवा<br>गिट्टी | ४.५६ घ मि<br>५.३९ | ४३५०.५<br>३७९९ | ३८५०<br>३३०० | २२८२<br>२३१२ |
| १८४। | नर्वदा जितारी मोटर बाटो | ग्राभेल | ग्राभेल | ४६२ घ मी | ७९१ | ७०० | ४२०४२ |
| १९३ | सौचार्लय निर्माण | ढुङ्गा भर्ने काम | ढुङ्गा | ५ घ मि | २४८६ | २२०० | १४३० |
| २९८। | फेदी चण्डेनी सडक | ग्याबिन जालिमा ढुँङ्गा भर्ने | ढुङ्गा | ८१.६ घ मी | २४८६ | २२०० | ६०४७ (२३३३७ मध्ये बिल नभएको) |
| २२४ | श्यानफ्यान छोरवोलिङ्ग सडक | पिपिस १:१.५:३ | ७.८१ | सिमेन्ट ६२.४८ बोरा | ९०४ | ८०० | ६४९७ |
| | | | | बालुवा ३.३१९ | ३९७७.६ | ३५२० | १५१८। |
| | | इट्टाको गाह्रो | १९.४१ | सिमेन्ट ३८.४८ बोरा<br>बालुवा ५.४३<br>इट्टा १०८६९ | ९०४<br>३९७७.६<br>१८.०८ | ८००<br>३५२०<br>१६ | ४०३७<br>२४८४<br>२२६०८ |
| २६१ | वयरवोट तेर्से भोर्ले सर्वझाङ | ग्याबिन जालीमा ढुङ्गा भर्ने | २३<br>बक्स | ढुङ्गा ५०.६ | २४८६ | २२०० | १४४७१। |
| | | | ग्राभेल<br>६० | ग्राभेल ६६ घ मि | ७९१ | ७०० | ६००६ |
| | | | | | | जम्मा | ५१६९११ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३७. | **मु अ करः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य दिदां उप नियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मुल्य अभिबृद्धिकर  कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था गरेको छ ।फेदी चण्डेनी सडक पक्की नाला र ग्राभेल निर्माणको उपभोक्ता समितिले सम्पन्न कामको मुल्यांकन रु.४२५६५६२।७१ मा उपभोक्ताको जनश्रमदानको अंश कट्टा गरी भौ नं २९८।०७७।३।२९ बाट रु.३६१८०७८। भुक्तानी गरेको छ ।नगरपालिकाले स्थानीय निर्माण सामाग्रीहरुमा समेत मु अ कर थप गरी लागत अनुमान गरेकोले उपभोक्ता समितिले निर्माण सामाग्री खरिद गर्दा मुल्य अभिबृद्धि करमा दर्ता भएकोसंग मात्र खरिद गर्नु पर्नेमा अन्यथा नगरपालिकाले नियम अनुसार मुल्य अभिबृद्धिकर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्नेमा मुल्य अभिबृद्धि करमा दर्ता नभएको संग खरिद रु.१७२२००। को मु अ कर रकम बापत रु.१९८१०। असुल गर्नु पर्ने रु. | १९८१०.०० |
| ३८. | **अनुत्पादक क्षेत्रमा खर्चः** स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । नगरपालिकाले निम्नानुसारको कार्यक्रममा खर्च गरेको देखिन्छ । | |

| भौ न मिति | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|
| १७।०७६।८।१३ | सांस्कृतिक कार्यक्रम डेडिथुम्का फाउण्डेसन | २३४४८० |
| ३२।०७६।९।२३ | नेपाल पत्राकार महासंघ | ५००००० |
| १२४।०७७।२।३२ | नगरकोट नाल्दुम पर्यटन बिकास समिति | ५००००० |
| | | १२३४४८० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३९. | **नापी तथा बिलः** निर्माण कार्यको परिमाण र मूल्यको खुलासाको लागि नापी किताबमा अभिलेख राख्नुपर्दछ ।नापी किताबमा ठेक्का नं, आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम र निर्माणसँग सम्बन्धित अन्य खर्च समेत स्पष्ट रूपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था छ।निर्माण कार्यको नापजाँच र भुक्तानी देखिने गरी योजना/कार्यक्रम अनुसार निर्माण कार्यको हालसम्मको कार्य भएको परिमाण र खर्च देखिने एकीकृत अभिलेख खुल्ने नापी किताबमा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ ।नापी किताब तथा ठेक्का बिलमा उपरोक्त कुनै बिबरण उल्लेख नगरेको कारण निर्माण व्यवसायीहरुले सम्झौता बमोजिम कहिले काम सम्पन्न गर्यो भनी एकिन गर्न सकिने आधार भएन केही भुक्तानी निम्न छन । | |

| भौ न मिति | निर्माण व्यवसायी | योजनाको नाम | सम्झौता रकम | हाल सम्मको खर्च | सम्पन्न गर्नु पर्ने सम्पन्न मिति नखुलेको |
|---|---|---|---|---|---|
| १९।०७६।८।१४ | राज कन्स्ट्रक्सन | हेगुवापाटी गैरीविसैना सडक तपेश्वर सल्लेवास | १९२१०५६ | १८९६४७० | २०७६।४।३१ |
| २१।०७६।७।९ | जोशी जी कन्स्ट्रक्सन | हिगुवापाटी कोदारी गैरविसौनी सडक | ३९५०३४२ | ३८४४२७२ | २०७५।४।९ |
| १५२।०७७।३।९ | पि एस के नि से | महादेबस्थान मैदान चण्डेनी छाप | ५३४३३६६ | ५३०९६४५ | ०७६।८।१५ |
| १६५।०७७।३।१३ | पि एस के नि से | फेदी सिपाघाट हिगुवापाटी सडक | ४१७७११० | ३६२०४८६ | २०७६।४।९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४०. | **बढी भुक्तानीः** हिगुवापाटी डेडीथुम्का सडकका निर्माण व्यवसायी फटिकेश्वर निर्माण सेवासंग भएको सम्झौता अनुसार सम्पन्न निर्माण कामको प्राविधिक मुल्यांकन अनुसार रु.१४२३५८०।भुक्तानी गर्नु पर्ने भौ नं७८।०७६।१२।६ बाट रु. १४३४०६३। भुक्तानी गरेकोले रु.१०४८३। बढी भुक्तानी गरेको असुल गर्नु पर्ने रु. | १०४८३.०० |
| ४१. | **सम्झौता भन्दा कम कामः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यानवयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरिएसन आदेश दिनु पर्ने व्यवस्था गरेकोमा निम्न निर्माण व्यवसायीले सम्झौता भन्दा घटी कार्य सम्पन्न गरेको अवस्थामा स्पष्ट कारण खुलाएको तथा भेरिएसन आदेश नदिइ निर्माण कार्य सम्पन्न गरेको नियमसम्मत देखिएन । | |

| भौ नं मिति | योजनाको नाम | सम्झौता रकम | सम्पन्न मुल्यांकन | कार्य सम्पन्न |
|---|---|---|---|---|
| २६०।०७७।३।२५ | खटिचौर एक घर एक धारा खानेपानी | १३९६१२२। | ८६४९८६। | ४९.०६ प्रतिशत |
| १६५।०७७।३।१३ | फेदी सिपाघाट हिगुवापाटी | ४१७७११०। | ३६२०४८६ | ८६.६७ प्रतिशत |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४२. | **निर्माण ब्यवसायीबाट काम गराएकोः** सार्वजनिक खरिद नियमावली २०६४ नियम ९७ को उप नियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण ब्यवसायी वा सव कन्ट्र्याक्टरबाट गराउन सकिने छैन भनी उल्लेख गरेकोमा निम्न उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण काम गर्न नगरपालिकासंग सम्झौता गरी नियम विपरित निर्माण ब्यवसायीबाट उक्त निर्माण काम गराई समितिले सम्झौता बमोजिमको रकम भुक्तानी लिने गरेको देखियो यस बाट उपभोक्ता समिति तथा नगरपालिकाले सार्वजनिक खरिद नियमावलीको पालन गरेको देखिएन यसका केही उदाहरण निम्न बमोजिम छन । | |

| भौ न मिति | योजनाको नाम | सम्पन्न रकम | निर्माण व्यवसायी | समितिबाट भुक्तानी |
|---|---|---|---|---|
| ६६।०७६।११।२३ | वडा स्तरिय सडक मर्मत कार्य ३ | ७४८११६ | श्री नगरकोट नाल्दुम कन्स्ट्रक्सन प्रा लि | ६३६८१०। |
| ७०।०७६।११।२८ | चाखोला भिरखेत दोभानेखेत सडक | ७४७४९४ | काभ्रे इन्द्रावति सेण्ड क्रसिङ्ग एण्ड हिम पाइप | ६३४५४७। |
| १२९।०७७।३।२ | जैमाने सडक निर्माण | ३२७०६१० | आदिति बालुवा प्रशोधन उद्योग | ३२७०६२२ |
| १४०।०७७।३।५ | सोते इन्द्रवति वैकल्पिक सडक | १४९५९५९ | तपेश्वर निर्माण सेवा<br>फट्टेकेश्वर आयल स्टोर्स | १०२००५१<br>६८००४४ |
| २२३।०७७।३।२२ | जैमाने वरदेउ सडक | १४७०५२० | विभिन्न निर्माण सेवाहरु | १४७०५२३ |
| २९४।०७७।३।२८ | भन्ज्याङ्ग मकैबारी राहिणी दुइघरे ठकुरीगाउ सडक | १०७००२४ | श्री नगरकोट नाल्दुम कन्स्ट्रक्सन | १४१६३४२। |
| ३३४।०७६।३।३१ | वडा कार्यालय हिमज्योति सडक | १३८२८७० | कौडिण्य कन्स्ट्रक्सन एण्ड सप्लायर्स र सात कन्या आयल स्टोर | १३७५००५। |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| ४३. | **बिद्युतको कार्य सम्पन्नः** नगरपालिकाको निम्न सडक योजनाहरुको सडक स्तरोन्नतीमा बाधा परेको बिद्युत पोलहरु सार्ने र लाइन मिलानको लागी नेपाल विद्युत प्राधिकरण पांचखाल वितरण केन्द्रको लागत अनुमान अनुसार निम्न रकम विद्युत प्राधिकरण पांचखालको धरौटी खातामा जम्मा गरेको देखियो।नेपाल विद्युत प्राधिकरणबाट उक्त विद्युत लाइनको काम सम्पन्न गरी विल तथा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेमा हाल सम्म कार्य सम्पन्न प्रतिवेदन पेश नगरेको रु. | १४४८०७६ |

| भौ न मिति | योजनाको नाम | विधुत प्राधिकरण जम्मा रकम |
| --- | --- | --- |
| १३३।०७७।३।३ | कुन्ताबेसी नयांगांउ नगरकोट सडक कालो पत्रे | ११७७९३२। |
| १६३।०७७।३।१३ | नर्सरी पौवाटार महाकाली तथा कुन्तावेसि नगरकोट | २७०१४४। |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| ४४. | **दररेट भन्दा बढीः** छाप साल बिसैनी इन्द्रावति बगर मोटरबाटो निर्माण उपभोक्ता समितिले सम्पन्न कामको प्राविधिक मुल्यांकन अनुसार भौ नं १७९।०७७।३।१५ बाट रु.१२९८७९५ खर्च गरेकोमा सम्पन्न कामको प्राविधिक मुल्यांकनमा एन पि ३ ह्युम पाइप ६०० मि मि को १५ मिटर प्रति रु.७८१६।२१ को दरले भुक्तानी गरेकोमा उक्त ह्युम पाइपको जिल्ला दर ६०१५।मा १३ प्रतिशत मुल्य अभिबृद्धि कर रु.७८१।९५ समेत थप गर्दा रु.६७९६।९५ मात्र हुनेमा प्रति मिटर रु.१०१९।२६ बढि दरले भुक्तानी गरी रु.१५२८९। उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको रु. | १५२८९ |
| ४५. | **कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप दफा ४ मा उल्लेख गरेको आधारमा कार्य सम्पादन जमानत दाखिला गर्नु पर्नेमा हिगुवापाटी कोदारी गैरिविसौना सडक स्तरउन्नतीको लागी रु.९६१५३८४।०१ को लागत अनुमानमा बोलपत्रको माध्यमबाट जोशी जी कन्स्ट्रक्सन प्रा लि संग लागत अनुमानको ५८.९१ प्रतिशत घटि रु.३९५०३४२।६१ मा समझौता भएकोले नियम अनुसार रु.२३०८८८४।को कार्य सम्पादन जमानत पेश गर्नु पर्नेमा रु.२१०८५७४।६८ को मात्रको कार्य सम्पादन जमानत पेश गरेकोले नियम अनुसार घटी बैंक जमानत पेश गरेको भएता पनि जमानतको रकम बढाउने कारवाही नगरी ठेक्का सम्झौता गरी भौ नं २१।०७६।९।९ बाट अन्तिम बिलको रु. ३८४४२७४। भुक्तानी समेत भइ सकेको देखियो। | |
| ४६. | **डिपबोरिङ्गः** नर्वदा रानीटार माथिल्लो खर्क खानेपानी योजनाको रु.२६०५४६६। को लागत अनुमानमा उपभोक्ता समितिसंग गरेको सम्झौता अनुसार जनसहभागिताको अंश कट्टा गरी भौ.नं २९६।०७७।३।२८ बाट रु.२२०४०००। भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छ । | |
| ४६.१. | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिले संचालन गरिने निर्माण कार्यमा हेभी मेशीनहरुको प्रयोग गर्न सकिने छैन भनी उल्लेख गरेकोमा डिम बोरिङ्ग जस्ता हेभी मेसिनको प्रयोग हुने काम समेत उपभोक्ता समितिबाट गराएको छ । लागत अनुमानको सि न १ मा उल्लेख गरेको ड्रिलिङ्ग मेसिनको मोबिलाइजेसन डिमोबिलाइजेसन र अन्य काम वापत एक मुषट रु.१९५७५७।व्यवस्था गरेकोमा सो कामको प्राविधिक मुल्यांकन अनुसार भुक्तानी गरेकोले बिल भरपाइ पेश गर्नु पर्ने रु. | १९५७५७ |
| ४६.२. | डिप बोरिङ्गको प्राविधिक मुल्यांकन अनुसार २०० मिटर गहिराइमा बोरिङ्ग गरेकोमा सो को लागि आवश्यक सामाग्री २०० एम एम ब्लाइन्ड तथा स्लोटेड पाइम २२० मिटर खरिद गरेको मुल्यांकनमा देखिएकोले २० मिटर बढी पाइप खरिदको रु.३३३१।ले हुने रु.६६६२० बढि मुल्यांकन गरी भुक्तानी गरेको रु. | ६६६२० |
| ४६.३. | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाइ सहितको लेखा राख्नु पर्ने भनी उल्लेख गरेकोमा सम्पन्न कामको प्राविधिक मुल्यांकनमा १२० मिटर ब्लाइन्ड पाइपको रु.३९९७२१।, स्लोटेड पाइप १०० मिटरको रु. २०५७३९। र फ्लाइन्ज एकको रु. ११०००।मा बोरिङ्गका सामाग्रीहरु खरिद गरेको भनी मुल्यांकन अनुसार समितिलाई भुक्तानी गरेकोले समितिबाट उक्त सामाग्रीहरु खरिद गरेको बिल नभएको रु. | ६१६४६० |
| ४७. | **भेरिएसनः** सार्वजनिक खरिद ऐन,२०६४ को दफा ५४ मा खरिद सम्झौता गर्दा बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाइ तोकिएको अधिकारीबाट भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था भएकोमा रामपुर डांडा खानेपानी बिधुत पम्पिङ्ग | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | योजनामा एक घर एक धारा कार्यक्रम अन्तर्गत ११३ थान धारा जडान गर्न रु.२११५५७७।३२ को लागत अनुमान गरी उपभोक्ता समितिसंग सम्झौता भएकोमा समितिले सम्पन्न गरेको कामको प्राविधिक मुल्याकंनबाट १०८ धाराको रु.२१२२९०५।२४ मुल्याकंन गरेको छ ।सम्झौता अनुसार जनसहभागिताको अंश कट्टा गरी भौ नं २०८ मिति२०७७।३।२१ बाट रु.१३७९८८८। भुक्तानी गरेकोले नियम अनसार घटी काम सम्पन्न भएको कारण खुलाएको छैन ।लागत अनुमान गर्दा खानेपानीको विभिन्न आइटम वाइज खर्च लगायत ११३ धाराको लागि आवश्यक फिटिङ्ग खरिदमा रु.८०९५५।४६ र पाइप खरिदमा रु.५७१४६।खर्च लाग्ने अनुमान गरी सम्झौता भएकोमा१०८ धारा मात्र निर्माण सम्पन्न भएकोले ५ थान धाराको लागि खरिद गरेको बढी सामाग्री मौज्दात देखाउनु पर्नेमा सबै खर्च देखाएको रु. | ६११० |
| ४८. | **कार्य सम्पन्न नभएको:** सार्वजनिक खरिद ऐन,२०६४ को दफा ५४ मा खरिद सम्झौता गर्दा बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाइ तोकिएको अधिकारीबाट भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था गरको छ । सोते इन्द्रवती वैकल्पिक सडकको लागि गत वर्ष ०७५।७६ मा रु.५००००००।बजेट व्यवस्थाले रु.४२५४५३२।०४ को लागत अनुमान गरी बोलपत्रको माध्यमबाट जोशी जी कन्स्ट्रक्सनसंग रु.१९४२०२२।५२ कबोल अंकमा ८० दिन भित्र सम्पन्न गर्न गरी २०७६।१।४ मा सम्झौता भएको सो वर्ष कार्य सम्पन्न भएन।योजनाको लागि पाँचौ नगरसभाबाट गत वर्षको दायित्व जिम्मेवारी सारी रु.२२०००००।बजेटको व्यवस्था गरेकोमा यो वर्ष निर्माण व्यवसायीले सम्झौता अनुसार कार्य सम्पन्न गर्न नसकेको भनी छैठौ नगरसभाबाट निर्माण व्यवसायीले गरेको यथार्थ सम्पन्न कामको मात्र मुल्यांकन गरी भुक्तानि गर्ने निर्णय भए अनुसार भौ नं २७२।०७७।२६ बाट रु.२४१२२३।९६ मात्र भुक्तानी गरेको छ।सम्झौता अनुसार बांकी काम सम्पन्न गर्नु गराउनु पर्ने नपर्ने उल्लेख गरेको छैन। के कुन कारण सम्झौता बमोजिम काम सम्पन्न हुन नसकेको स्पष्ट कारण पुष्ट्याइ खुलाइ भेरिएसन आदेश जारी नगरेको कारण योजनाको ठेक्का अवस्था एकिन भएन । | २४१२२३.९६ |
| ४९. | **हेभिमेसिन खरिदः** नगरपालिकाको लागि १ थान ब्याकहोलोडर खरिद गर्न रु.५००००००। र स्कुल बस खरिदमा रु.३००००००।बजेट व्यवस्था भएकोमा कोभिडको कारण स्कुल बस खरिद नगर्ने र बस खरिदमा व्यवस्था गरेको बजेट रकमान्तर गरी २ थान ब्याकहोलोडर खरिद गर्न सभाबाट रकमान्तर अनुमोदन गराउने भनी २०७७।२।५ मा नगर प्रमुखबाट स्वीकृत गरी ब्याकहोलोडर खरिद गरी भौ नं ३१७ र ३१९ मिति ०७७।३।३० बाट रु.७०१२०००। खर्च गरेकोमा देखिएको व्यवहोरा निम्न छन् । | |
| ४९.१. | **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान गर्दा साजर्वजनिक निकायले जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानिय बजारमा प्रचलित दरभाउ र अन्य बजारको प्रचिलत दरभाउको आधारमा मुल्य निर्धारण गर्नु पर्ने व्यवस्था गरेको छ।नगरपालिकाको अनुरोधमा जलस्रोत तथा सिंचाई बिभागबाट खटाइ आएका सि डी ई बाट तयार गरेको ब्याकहोलोडर अनुमान रु.४५०००००।ले २ ब्याकहोलोडरको रु.९००००००।को लागत अनुमान गरेको छ ।नगरपालिकाले खरिद नियममालीमा व्यवस्था गरेको प्रक्रिया अनुसार लागत अनुमान तयार गरेको पाइएन । | |
| ४९.२. | **कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम ११०मा सम्झौता गर्न कार्यसम्पादन जमानत पेश गर्नु पर्ने व्यवस्था गरेकोमा नगरपालिकाले ब्याकहोलोडर आपूर्तिकर्ता आई एम ई अटोमोटिभ्स प्रा लि संग कबुलियतनामा गर्दा कार्य सम्पादन जमानत लिएको छैन। | |
| ५०. | **सडक मर्मतः** ट्याङकीडांडा मानेडांडा हिले सडक उपभोक्ता समितिबाट सम्पन्न गरेको कामको प्राबिधिक मुल्याकंन अनुसार भौ.नं.३४०।०७७।३।३१ बाट रु. ११५३९०४।खर्च गरेकोमा देखिएको व्यहोरा निम्न देखियो । | |
| ५०.१. | **बढी भुक्तानीः** सडक सफा र ग्राभेल गर्ने कामको रु.२३६३६०।खर्च गरेको मध्ये ज्यामी लगाइ कच्ची नाली खन्ने काम १२०० मिटरको ७५ घ.मि. प्रति रु.३७३।३८ को दरले रु.२८००३। उपभोक्ता | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समितिलाई भुक्तानी गरेको छ। उपभोक्ता समितिले मानिसबाट नाली खन्ने काम गराएको डोर हाजिर उठाएको प्रमाण राखी भुक्तानी माग गर्नुपर्नेमा विभिन्न निर्माण व्यवसायीहरुको मेसिन प्रयोग गरेको बिलबाट भुक्तानी माग गरेको छ। समितिलाई मेसिन प्रयोग गरी काम गरेकोमा मानिसबाट काम गराएको दरमा भुक्तानी गरेकोले(३७३.३८-७४.२४) बढी भुक्तानी भएको रु.२२४३५। असुल गर्नुपर्ने रु | २२४३५ |
| ५०.२. | **मु अ कर भुक्तानीः** ट्याङकी डांडा देखि बल्देउ जाने सडक ४४.४४ घ मी र अनेकोट मोड देखि सोल्टाको पसल सम्म ६० घ मी सडक ग्राभेल गरेको भनि निर्माण सामाग्रीमा मु अ कर समेतको दर रु.१०८२।८९ ले रु.११३३१३।६१ भुक्तानी गरेको छ । मु अ कर भुक्तानीको लागी उपभोक्ता समितिले मु अ करमा दर्ता भएको बिक्रेताबाट निर्माण सामाग्री खरिद गरेको बिजक विल पेश गर्नु पर्नेमा ग्राभेल खरिद गरेको बिल नै नराखी भुक्तानी माग गरे अनुसार नगरपालिकाले भुक्तानी गरेकोले मु अ कर वापतको रु.९५०४। असुल गर्नु पर्ने रु. | ९५०४ |
| ५१. | मुलबाँध निर्माण वडा नं.११मा उपभोक्ता समितिबाट सम्पन्न कामको मुल्याकंन रु.१०५७३७८।१९ मा उपभोक्ताको जनश्रमदान कट्टा गरी भौ.नं ४९।०७६।१०।१२ बाट रु.भु रु.९०३२४३ भुक्तानी गरेकोमा समितिले बिभिन्न निर्माण समान खरिदको बिल पेश गरेको मध्ये त्रिनेत्रेश्वर मल्टिपर्पोस कम्पनी प्रा लि ज्याम्दी ०७६।१०।२० को बिजक बिलमा सामानको नाम र परिमाण नै उल्लेख नगरी ४५५० मुल्य अभिबृद्धि कर समेत रु.३९५५० मात्र उल्लेख गरेको बिल समेत राखी मु अ कर भुक्तानी गरेकोले खरिद सामानको नाम र परिमाण नखुलाएको बिलबाट मु.अ.कर भुक्तानी गरेको असुल गर्नु पर्ने रु. | ४५५० |
| | **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम** | |
| ५२. | **निर्माण सामाग्रि ढुवानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धी कर रकम कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख गरेको छ। नगरपालिकाले वालुवापाटी रानीवन अदुवाबारी सिपाघाट सडक निर्माणको लागत अनुमान गर्दा निर्माण काममा लाग्ने निर्माण सामाग्रीहरुको जिल्ला दरमा मुल्य अभिबृद्धि कर समेत जोडी दररेट कायम गरेको आधारमा रु. ३४९१६८०।को लागत अनुमान गरेको छ।उपभोक्ता समितिबाट सम्पन्न कामको प्राविधिक मुल्यांकन रु.३५६६२७६।६४ मा उपभोक्त जनसहभागिताको अंश कट्टा गरी भौ नं १०।०७७।३।३१ बाट रु. २९१००००।भुक्तानी गरेको छ।समितिले निर्माण सामाग्री खरिद गर्दा मु अ करमा दर्ता भएको बिक्रेताबाट निर्माण सामाग्री खरिदको विजक बिल भुक्तानीको लागी पेश गर्नु पर्नेमा पेश गरेको बिभिन्न बिलको रु.३६००२६३।मध्ये रु.७९६५००।निर्माण सामाग्री ढुवानी गरेको भरपाई समेत संलग्न गरेको देखियो।स्वीकृत दरविश्लेषणमा निर्माण सामाग्रीको ढुवानी समाबेश नभएकोले नगरपालिकाले मु अ करमा दर्ता नभएको बिलको नियम अनुसार मुल्य अभिबृद्धि कर रकम कट्टा गरेर मात्र भुक्तानी गर्नु पर्नेमा मुल्य अभिबृद्धि कर कट्टा गरेको छैन साथै दरबिश्लेषणमा नभएको निर्माण सामाग्री ढुवानीको बिल जोडी भुक्तानी गरेको देखियो। | |
| | **स्थानिय पूर्वाधार बिकास साझेदारी कार्यक्रम** | |
| ५३. | पूर्वाधार स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ३ परियोजना सञ्चालन गर्न रु.५८०००००। बजेट प्राप्त भएकोमा रु.५८०००००।खर्च भएको देखिन्छ।वालुवापाटी रानीवन नन्दज्योती लामीथुम्का सिपाघाट सडकको लागी प्राप्त बजेट रु.३००००००।कार्यक्रममा खर्च नभै बांकी रहेकोले २०७७।३।१५ को निर्णयले स्थानीय तहको कोभिड १९ को व्यवस्थापनका लागि जम्मा गरेको छ ।<br>आयोजनाको प्रकार: भौतिक पूर्वाधार; आयोजनाको संख्या: २; बजेट रकम: ५८०००००; खर्च रकम: ५८०००००; वित्तीय प्रगति प्रतिश: खर्च १ आयोजना | |
| | **प्रदेश पूर्वाधार बिकास** | |
| ५४. | **बिल भरपाइः** आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ३७(५) बमोजिम अनुसार बिल भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। डांडागाउ जुडीगाउ सडक स्तरोन्नतीको क्रममा ह्युमपाईप जडान गरे वापत उपभोक्ता समितिलाई ७.५ मिटर ह्युम पाईपको भौ नं ५।०७७।३।२५ बाट | |

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिश |
|---|---|---|---|---|
| भौतिक पूर्वाधार | २ | ५८००००० | ५८००००० | खर्च १ आयोजना |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रु.५४६४५।४० भुक्तानी गरेको छ।समितिले मु अ कर लाग्ने निर्माण सामान खरिदको बिजक बिल पेश गरी भुक्तानी लिने गरेकोमा उक्त ह्युम पाइप खरिद गरेको बिल बिना नै भुक्तानी गरेकोले बिल खरिद बिल पेश गर्नु पर्ने रु | ५४६४५ |
| ५५. | **बिल भरपाइ तथा बढि भुक्तानीः** आर्थिक कार्यविधि नियमावली,२०७६ को नियम ३७(५) बमोजिम अनुसार बिल भर्पाई सहितको लेखा राख्नु पर्ने व्यवस्था गरेको छ।नर्सरी पौवाटार सडक निर्माणक लागी रु.५०००००० ।बजेट व्यवस्था भएकोमा बोलपत्रको माध्यमबाट निर्माण व्यवसायीसंग रु.४५३७०१७।मा ठेक्का सम्झौता गरेको छ।सम्झौता अनुसार सम्पन्न कामको प्राविधिक मुल्याकंनबाट रु.४४०२५५२। र ठेक्काबाट बचत भएको रकमले पूनः सोही योजनाको थप काम गर्न निर्माण व्यवसायी फिटकेश्वर निर्माण सेवासंग दररेट लिइ काम गराएको मुल्याकंन रु.४०७९४९।६३। समेत जम्मा रु.४८१०५०१।६३ भुक्तानी गर्नु पर्नेमा भौ नं ७।०७७।३।२५ बाट रु.४८१४९५४।भुक्तानी गरेकोले रु.४४५२।३७ बढी भुक्तानी गरेको असुल गर्नु पर्ने रु. | ४४५२.३७ |
| ५५.१. | **नापी फरकः** नापी किताबको सि नं ४ मा ढुङ्गाको गाह्रो लगाउने (१:४) ४९.४० घ मी कामको रु.१०५००।का दरले रु.२६१८७०१।५८ भुक्तानी गरेको छ।नापी किताबको उल्लेखित परिमाणको जोड जम्माबाट २४८.७० घ मी मात्र देखिएकोले जोड जम्मा फरक परेको ०.७८ घ मी को हुने मुल्य अभिबृद्धि कर समेत रु.९२५४।७० बढी भुक्तानी भएको असुल गर्नु पर्ने रु. | ९२५४.७० |
| | **नगरपालिका चालु** | |
| ५६. | **कार्यक्रम योजना तयार नगरकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी खर्च सम्बन्धी कार्यविधि अन्तर्गत सरकारी निकायबाट कुनै तालिम, सेमिनार, कार्यशाला, गोष्ठी आदि सञ्चालन गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ। यस्तो स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, सेमिनार, कार्यशाला, गोष्ठी आदि सम्पन्न भईसकेपछि कार्यक्रम अनुरुप भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा बिल भर्पाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। तर नगरपालिकाले निम्न कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको कार्यक्रम तथा लागत अनुमान तयार तथा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगराएको, कार्यक्रम सम्पन्न पछि प्रतिवेदन तयार नगरेको पाईएकाले यस तर्फ ध्यान दिन जरुरी छ। | |

| गो.भौ.-मिति | खर्च शिर्षक | कार्यक्रम | खर्च रकम |
|---|---|---|---|
| ५६-२०७६।०७।२६ | प्र.अ.अध्यक्ष सम्मान कार्यक्रम, शिक्षा दिवस कार्यक्रम, विद्यार्थी पुरस्कार तथा सम्मान कार्यक्रम | प्र.अ.अध्यक्ष सम्मान कार्यक्रम, शिक्षा दिवस कार्यक्रम, विद्यार्थी पुरस्कार तथा सम्मान कार्यक्रम | २१०००० |
| २६७-०७६।१०।२६ | भ्रमण खर्च | पदाधिकारी\कर्मचारी अवलोकन भ्रमण | २२१२२८ |
| ५६४-२०७७।३।२५ | शैक्षिक बुलेटिन प्रकाशन | शैक्षिक बुलेटिन प्रकाशन | १०४६१० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५७. | **अर्थमन्त्रालयको नम्स भन्दा फरक दरमा खर्चः** नेपाल सरकार कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद सातमा सरकारी कार्यालयले कुनै पनि तालिम, सेमिनार, गोष्ठी आदि कार्यक्रम सञ्चालन, बैठक भत्ता वितरण गर्दा अपनाउनुपर्ने प्रावधान, खर्चको मापदण्डसम्बन्धी निर्णय तथा कार्यविधि उल्लेख गरिएको छ तर नगरपालिकाले सो निर्देशिका भन्दा फरक ढंगले खर्च गरेको देखियो । | |

**नगरपालिकाले न्यायिक समितिको सेवाग्राहीसँग अन्तर्क्रिया कार्यक्रम संचालन गर्दा मिति २०७७।३।३, गो.भौ.४५९ बाट जम्मा रु.१००००० खर्च लेखेको छ**

| खर्च विवरण | खर्च दर | अर्थ नम्स | जम्मा | कैफियत |
|---|---|---|---|---|
| सहभागी यातायात | १००० | रु.२०० | ५०००० | २दिन सम्मको अधिकतम |
| प्रशिक्षण भत्ता | २५०० | रु.१५०० | ७५०० | बाह्य प्रशिक्षक(प्रशिक्षण तथा कार्यपत्र बापत) |
| प्रशिक्षण, विशेषज्ञ तथा पत्रकार यातायात | २००० | - | १०००० | - |
| सहयोगी भत्ता | ५०० | रु.१५० | ५००० | २ जनासम्म मात्र |

**शिक्षा दिवस एवं अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा प्र.अ.अध्यक्ष, शिक्षक, विद्यार्थी पुरस्कृत गर्ने कार्यक्रम संचालन गर्दा मिति २०७६।०७।२६, गो.भौ.५६, ५७ बाट रु.२१०००० खर्च लेखेको छ।**

| खर्च विवरण | जना\संख्या | जम्मा रकम | अर्थ नम्स | कैफियत |
|---|---|---|---|---|
| व्यवस्थापन कार्यबापत | १९ जना | १६२०० | - | - |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| कार्यक्रम तयारी अतिरिक्त भत्ता | १० | २२००० | - | - |
| तथ्याङ्क संकलन, टेबुलेसन, मूल्याङ्कन बापत | ८ जना | २४००० | - | - |
| कार्यक्रम अनुगमन भत्ता | ३ जना | १०००० | - | - |

**नगरपालिकाले न्यायिक समितिको सेवाग्राहीसँग अन्तर्क्रिया कार्यक्रम संचालन गर्दा मिति २०७७।३।२४, गो.भौ.५५४ बाट जम्मा रु.१००००० खर्च लेखेको छ।**

| खर्च विवरण | खर्च दर | अर्थ नम्स | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| सहभागी यातायात खर्च | १००० | रु.२०० का दरले | ४४००० | २ दिनको अधिकतम रु.२०० |
| अतिथि यातायात खर्च | २००० | - | १०००० | - |
| अनुगमन बापत | १८०० | - | ५४०० | नपा पुस्तिकामा रु.१००० मात्र |
| प्रशिक्षण(मुख्य) | २५०० | रु.८०० का दरले | ५००० | कार्यपत्र बापत मात्र पाउने कार्यालयका पदाधिकारी, कर्मचारीले |
| प्रशिक्षण(सहजकर्ता) | २००० | " | ८००० | " |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५८. | **मर्मत अभिलेख खाताः** कार्यालयले गाडी तथा हेभि मेशिनको मर्मत अभिलेख राखेतापनि जिन्सी खातामा उल्लेख मोटरसाईकल तथा स्कुटर गरी जम्मा २७ थानको कुनैपनि अभिलेख राखेको पाईएन। | |
| ५९. | **करार कर्मचारीको १०% कल्याणकारी कोष सुविधाः** मण्डन देउपुर नगरपालिकाले स्वीकृत गरी लागू गरेको कर्मचारी कल्याणकारी कोष संचालन कार्यविधि, २०७५ मा करार सेवामा कार्यरत करार कर्मचारीहरुको कल्याणकोष कट्टी बापत शुरु तलबको १०% रकम कार्यालयको तर्फबाट थप गरी सोही रकम बरारबरको कर्मचारीको तलबबाट कट्टा गरी ३४ जना करार कर्मचारीहरुको तलब, भत्ता भूक्तानी भएको देखिन्छ।नेपालको संविधानको धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी तथा कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने तथा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त संघीय कानून बमोजिम हुनेगरी स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको छ। नगरपालिकाको कर्मचारी कल्याणकोष संचालन कार्यविधि, २०७५ र सोको प्रचलित व्यवस्था संघीय कानूनको सिद्धान्त र मापदण्ड बमोजिम स्वीकृत भएको नदेखिएकाले उक्त कार्यविधि बमोजिम ३४ जना करार कर्मचारीको वर्षभरी कल्याण कोष थप सुविधा भुक्तानी गरी नगरपालिकालाई रु.९४७२४४ थप व्ययभार परेको छ । | |
| ६०. | **पदाधिकारी दोहोरो सुविधाः** नगरपालिकामा रहेका १२ जना वडा अध्यक्षहरुलाई पदाधिकारी ईन्धन सुविधा बापत प्रति महिना रु.५००० खर्च लेखिएको छ।वडा अध्यक्षहरुलाई कार्यालयबाटै मोटरसाईकल सुविधा प्रदान गरिएको र सवारी मर्मत एवं ईन्धन खर्चपनि कार्यालयबाट नै व्यहोरिएको अवस्थामा थप ईन्धन सुविधा प्रदान गर्दा नगरपालिकालाई थप व्ययभार पर्न गएको रु. | ७२०००० |
| ६१. | **वडा कार्यालयको अनुगमन खर्चः** वडा कार्यालयहरुको पदाधिकारी कर्मचारीहरुले वडागत योजनाहरुको अनुगमन बापत खाजा, यातायात बापत खर्च लेख्ने तर योजनाहरु के, कस्ता अवस्थामा रहेको, कमजोर तथा सबल पक्ष, अबको सुधारात्मक कदम आदि उल्लेख नगरी सबै वडा पदाधिकारी एवं कर्मचारीहरुको अनुगमन प्रतिवेदनमा योजनाको नामहरु मात्र उल्लेख गरेको पाईयो। यसबाट वास्तविक रुपमा वडाले योजनाहरुको अनुगमन भए नभएको यकिन गर्न सकिएन। | |
| ६२. | **पाठ्यपुस्तक खरिदमा अनुदानः** अंग्रेजी पाठ्य पुस्तक खरिद तथा वितरण गर्न नगरपालिकाले विभिन्न ४२ वटा विद्यालयलाई नपुग रकम निकासा गरी गो.भौ.नं.५६३/२०७७।३।२५ बाट रु.११३८५८३ खर्च लेखेको छ। कतिपय विद्यालयबाट पुस्तक खरीदको सक्कलै बील पेश भएको छैन।यस सम्बन्धमा कार्यालयबाट पुस्तक खरिद अनुदानको सही सदुपयोग भए-नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्ने रु. | ११३८५८३ |
| ६३. | **विद्यालय निकाशाः** निम्न विद्यालयहरुको माग एवं बिल भर्पाई भन्दा बढी कार्यालयले खर्च निकासा गरेकाले बढी रकम असुल गर्नुपर्ने रु. | १०९२३८.५ |

| विद्यालय | जम्मा बिल भर्पाई रकम | अघिल्लो पटक निकासा | नपुग माग | भूक्तानी रकम | बढी भूक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|
| श्री नन्दज्योति प्रा.वि | ३०५०५ | २०१५१ | १०३५४ | १३२११ | २८५७ | माग भन्दा बढी |
| राधाकृष्ण घनश्याम आ.वि. | ३३३६७ | २९६४७.५ | ३७४०३.५ | ३०६२९ | २६९०९.५ | बिल भन्दा बढी |
| जयसरस्वती आ.वि | ६२३५५.२० | ३६४३० | २५९०५ | ३५६५५ | ९७५० | माग भन्दा बढी |
| गोल्मेश्वरी प्रा.वि. | १३८८० | ३५८३१ | ५५९०५ | ३८३९३ | ६०३४४ | बिल भन्दा बढी |
| भद्रकाली आ.वि | ४१५८४ | २४९५२.५ | १६६३१.५० | २६००९ | ९३७८ | माग भन्दा बढी |
| जम्मा बढी भूक्तानी | | | | | १०९२३८.५ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **सामाजिक सुरक्षा** | |
| ६४. | सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १७ र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १०(३) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैङ्किङ प्रणालीबाट मात्र गर्नुपर्ने व्यवस्था गरिएको छ।सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) मा प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगईसकेका स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहबरमा भत्ता रकम वितरण गर्नपर्ने व्यवस्था रहेकोमा सम्बन्धित वडा समितिको रोहबरमा भत्ता वितरण गरेको पाइएन।त्यसैगरी सामाजिक सुरक्षा कार्यविधि, २०७५ बुदा नं.२२ मा मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न नपाईने व्यवस्था उल्लेख व्यवस्था भएतापनिपालिकाले यस सम्बन्धमा मन्त्रालयबाट स्वीकृति नलिई हातहातै नगद वितरण गरी औठाछाप, हस्ताक्षर आधारमा भर्पाई राखी भत्ता वितरण गरिएको छ । नगरपालिकाको सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली बैंकिङ प्रणालीमा आबद्ध हुन नसक्दा, व्यवस्थापन सूचना प्रणाली (**MIS**) पूर्ण रुपमा अद्यावधिक नहुँदा सम्बन्धित लाभग्राहीले नै भत्ता प्राप्त गरेको हो होईन यकिन गर्न सकिएन। यसबाट वास्तविक लाभग्राहीले नै भत्ता पाए, नपाएको सुनिश्चित गर्न सकिएन । नगरपालिकाको केही वडामा सामाजिक सुरक्षा भत्ता विवरणको मुल अभिलेख किताबमा सम्पूर्ण लाभग्राहीको फोटो टाँस नभएको, पूर्ण विवरण नराखेको पाईएको छ । यसबाट भत्ता वितरण गर्दा लाभग्राही नाम दोहोरो पर्न सक्ने भएकाले यस तर्फ ध्यान दिन जरुरी छ । | |
| ६५. | **सामाजिक सुरक्षा तर्फ बढी निकासाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै गर्नुपर्ने, परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी भत्ता वितरण गरेकाले लाभग्राही लगत कट्टा एवं अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु. | २४००० |

| वडा नं.१ | | | | | |
|---|---|---|---|---|---|
| व्यक्तिको नाम, थर | नागरिकता नंम्बर | भूक्तानी भएको किस्ता | लगत कट्टा मिति | भत्ताको किसिम | असुल गर्नुपर्ने |
| आईती तामाङ्नी | ८९५६-४६९ | प्रथम, द्वितीय, तृतीय | २०७६।०७।१९ | जेष्ठ नागरिक | २४००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६६. | वडा नं. १० को तेस्रो किस्ताबापत रु.३७४८००० निकासा लिएकोमा रु.३७०६००० को भर्पाई पेश भएको भनिएता पनि रु.३६९४००० को भत्ता बुझेको भर्पाई रहेको र रु.४२००० को बैंक जम्मा प्राप्ति भएकाले अपुग रकम पेश्की फछ्यौंट गर्ने कर्मचारीहरुबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | १२००० |
| ६७. | **सामाजिक सुरक्षा दोहोरो भुक्तानीः** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था छ । तर नगरपालिकाले देहायको एउटै नाम र नागरिकता नम्बर भएको व्यक्तिलाई भत्ता दोहोरो भुक्तानी भएको रु.६००००/- असुल गर्नुपर्ने रु. | २४००० |

| वडा नं. १ | | | | | |
|---|---|---|---|---|---|
| नाम, थर | जन्म मिति | ना.प्र.नं. | बुझेको किस्ता | असुल रकम | भत्ताको किसिम |
| सानुमाया तामाङ | २०१७-१२-३० | ७७४४-२१०५ | तेस्रो किस्ता सम्म | २४००० | एकल महिला |
| | | | | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६८. | नगरपालिकाको वडा कार्यालयहरुले पेश्की फछ्यौंट गर्दा तीनवटै किस्ताको सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रहेको रकम नगरपालिकाको संचित कोषमा दाखिला गरेको रकम रु.४०७६००० मध्ये रु.४०६६८०० मात्र संघीय संचितकोषमा दाखिला गरेकाले अपुग रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | ९२०० |
| ६९. | नगरपालिकाको सामाजिक सुरक्षा तर्फ आ.व.२०७६।०७७ रु.९७४७६२०० निकासा तथा खर्च भएको छ जसमध्ये रु.३६६,७८,४०० बराबरको पेश्की फछ्यौट् सुत्रमा पोष्टिङ हुन नसक्दा म्यानुअल रुपमा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | मिति २०७७।०३।३१ बाट २१ नम्बर गोश्वारा भौचर उठाई पेश्की फछ्र्यौट भएको देखिन्छ। | |
| | **शिक्षातर्फ** | |
| ७०. | **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली २०५९ को नियम १२ क मा सामुदायिक विद्यालयहरु एक एक आपसमा गाभिँनको लागि उक्त नियमावलीको नियमको ७७ बमोजिम पहाडी जिल्ला प्रति कक्षा विद्यार्थी संख्या ४५ जना नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । नगरपालिका मातहतमा रहेका देहायका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको हुदा नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाभी शिक्षाको गुणस्तरमा बृद्धि गराउनुपर्दछ । | |

| सि नं. | विद्यालयको नाम | प्रा वि | नि.मा.वि | मा.वि | दरबन्दी | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|---|---|---|---|
| १. | जनकल्याण नि.मा.वि. ढाडागाउं भूमेचौर | ५ | २ | ० | ७ | १०२ | १५ |
| २. | सन्जीवनी प्रा.वि. हलेदे | ३ | ० | ० | ३ | ३७ | १२ |
| ३. | नन्दज्योति प्रा.वि रानीवन कामीखोरीया | ४ | ० | ० | ४ | ५० | १३ |
| ४. | भद्रकाली नि.मा.वि. नाल्दुम, चुरिथुम्का | ५ | २ | ० | ७ | ६६ | ९ |
| ५. | महाकाली मा.वि. नालदुम, नगरकोट | ७ | ३ | २ | १२ | ४९९ | ४२ |
| ६. | वालुवा मा.वि.बालुवापाटी | ६ | ३ | २ | ११ | ३०१ | २७ |
| ७. | जनसेवा प्रा.वि. पुष्पात्रजलीडाडा | २ | ० | ० | २ | १८ | ९ |
| ८. | द्वारपालेश्वर नि.मा.वि.मानेडांडा | ७ | २ | २ | ११ | १३८ | १३ |
| ९. | देउपुर प्रा.वि.सिंगे | ५ | ० | ० | ५ | ४२ | ८ |
| १०. | जनप्रभात प्रा.वि.भवनडांडा | ३ | ० | ० | ३ | ३९ | १३ |
| ११. | विन्धवासिनी प्रा.वि.रातमाटेडाडा | ३ | ० | ० | ३ | २४ | ८ |
| १२. | महाकाली उ.मा.वि. चैनपुर | ६ | ६ | ३ | १५ | २३४ | १६ |
| १३. | गोल्मेश्वरी प्रा.वि. जगरुम्टी | ५ | ० | ० | ५ | ८५ | १७ |
| १४. | तपेश्वर उ.मा.वि. ठाडाकोल देउपुर | ५ | ३ | ४ | १२ | २६७ | २२ |
| १५. | भवानी प्रा.वि.सालठाटी भवानीपुर | १ | ० | ० | १ | २३ | २३ |
| १६. | पत्रचकन्या प्रा.वि.सल्लेवास | ४ | ० | ० | ४ | ४६ | १२ |
| १७. | भीमसेन प्रा.वि.कोदारी | ३ | ० | ० | ३ | २७ | ९ |
| १८. | व्रम्हायणी मा.वि. गैरीविसौना | ६ | ३ | ४ | १३ | २४६ | १९ |
| १९. | कालीदेवी प्रा.वि. नौबिसे हिगुवापाटी | ६ | ० | ० | ६ | ७४ | १२ |
| २०. | राधाकृष्ण घनश्याम नि.मा.वि. | ५ | २ | ० | ७ | ६३ | ९ |
| २१. | डेडीथुम्का मा.वि. ढोडिनी | ७ | ४ | १ | १२ | ४४१ | ३७ |
| २२. | भवानी नि.मा.वि. ढाइटार | ४ | ० | ० | ४ | ४८ | १२ |
| २३. | डेडीथुम्का उ.मा.वि. महादेवस्थान | ५ | ४ | ७ | १६ | २७० | १७ |
| २४. | सेतीदेवी प्रा.वि. गहते गैरीगाउ | ३ | ० | ० | ३ | ३१ | १० |
| २५. | उमाविद्यामन्दिर प्रा.वि. नर्वदापाटी | ४ | ० | ० | ४ | ३६ | ९ |
| २६. | उमा सहशिक्षालय उ.मा.वि. चण्डेनी | ५ | ३ | ४ | १२ | २७२ | २३ |
| २७. | विन्ध्यबासिनी मा.वि. माझिगाउं | ८ | ३ | २ | १३ | २३६ | १८ |
| २८. | कालिका नि.मा.वि. हलेदे देविस्थान | ६ | २ | ० | ८ | ७७ | १० |
| २९. | कुलाचौर प्रा.वि.हलेदेटार | २ | ० | ० | २ | २८ | १४ |
| ३०. | कालीकुमारी प्रा.वि.गणेशस्थान | २ | ० | ० | २ | १७ | ९ |
| ३१. | चण्डेनी मा.वि. तिमल्सिनागाउं | ६ | ३ | ४ | १३ | २७२ | २१ |
| ३२. | पन्चकन्या नि.मा.वि.भंगेरेडांडा | ६ | १ | ० | ७ | १०३ | १५ |
| ३३. | भगवती प्रा.वि. गैराथोक | ३ | ० | ० | ३ | ४१ | १४ |
| ३४. | चन्द्रावती प्रा.वि.राम्चेबेसी चारखोला | ३ | ० | ० | ३ | २० | ७ |
| ३५. | जनजागृति प्रा.वि.भाटपोल | २ | ० | ० | २ | २० | १० |
| ३६. | जयसरस्वती प्रा.वि. रामपुर | ५ | ० | ० | ५ | ७६ | १५ |
| ३७. | वागदेवी उ.मा.वि.देउराली | ६ | ४ | ४ | १४ | ३७४ | २७ |
| ३८. | इन्द्रावती मा.वि. सान्डिबेसी | ७ | ३ | २ | १२ | १७९ | १५ |
| ३९. | महाकांलेश्वर वा विके | १ | ० | ० | १ | ७ | ७ |
| | **जम्मा** | **१७६** | **५३** | **४१** | **२७०** | **४९२९** | **१८** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७१. | **शिक्षकको तलब भत्ता निकासा -** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः | |
| ७१.१. | **बढी निकासा** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । तर नगरपालिकाले अवकाश प्राप्त देहायका विद्यालयलाइ शिक्षकहरुको रिक्त दरबन्दीमा निकासा खर्च लेखेको छ । तसर्थ बढी निकासा दिएको रकम असूल गरी सम्बन्धित संघिय संचितकोष दाखिला गर्नुपर्ने रु. | ३२७१६७ |

| सि नं | विद्यालयको नाम | शिक्षकको नाम | निकासा हुनपर्ने रकम | निकासा भएको रकम | बढी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बालुवा मा वि बालुवापाटी | रिक्त दरबन्दी २ वटा | ०.०० | ५८८१०.०० | ५८८१०.०० | श्रावण |
| २ | बालुवा मा वि बालुवापाटी | रिक्त दरबन्दी २ वटा | ०.०० | ५८८१०.०० | ५८८१०.०० | भाद्र |
| ३ | द्वारपालेश्वर आ वि नयागाउँ | रिक्त दरबन्दी १ वटा | ०.०० | ३१६७१.०० | ३१६७१.०० | भाद्र |
| ४ | द्वारपालेश्वर आ वि नयागाउँ | रिक्त दरबन्दी २ वटा | ०.०० | ६६१३५.०० | ६६१३५.०० | असोज |
| ५ | द्वारपालेश्वर आ वि नयागाउँ | केशव प्रसाद सापकोटा | २८०७८८ | ३५५००४.० | ७४२१६.०० | श्रावणदेखी माघसम्म |
| ६ | द्वारपालेश्वर आ वि नयागाउँ | रिक्त दरबन्दी १ वटा | ०.०० | ३७५२५.०० | ३७५२५.०० | कार्तिक |
| | | | | **जम्मा** | **३२७१६७.** | |

| | | |
|---|---|---|
| ७१.२. | उमा विद्यामन्दिर आधारभुत विद्यालयलाइ गो भौ नं १७।०७७।८।३ बाट बाल विकास सहजकर्तालाई ३ महिनाको छुट भनि रु १८०००।०० भुक्तानी गरेकोमा श्रावण भाद्र र असोजको तलब निकासा सिट परिक्षण गर्दा निकासा गएको देखिएकोले छुट भनि निकासा गरेको रु १८०००। असुल गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु. | १८००० |
| ७२. | कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.१ बमोजिम प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सकाइ समाग्री एवम् कक्षा ८ को परिक्षा व्यवस्थापन अनुदान अनुसार दिइने व्यवस्था छ । नगरपालिकाले गो भौ नं ७२।०७७।१।२१ बाट विद्यालयहरुलाइ रु ६२२२९७२।२५ निकासा गरेकोमा विद्यार्थी संख्याको आधारमा कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोकेको दरमा निकासा गर्नुपर्नेमा देहायबमोजिम निकासा दिएको छ । | |
| ७२.१. | नगरपालिकाले बाल विकासका विद्यार्थीहरु ६७४ जनाको रु ५००। का दरले रु.३३७०००।०० निकासा गर्नुपर्नेमा जोडजम्मा फरक पारी रु.३६२५००। बढी खर्च देखाएको रु.२५५०० असुल गर्नु पर्ने रु. | २५५०० |
| ७२.२. | बुक कर्नर वापत कक्षा ११ -१२ मा **EMIS** को विवरण अनुसा ४२० जना विद्यार्थी देखाएकोमा विद्यालयहरुलाइ एक मुष्ट निकासामा ४२९ जनाको रु२५०। का दरले १०७२५। भएको देखिएकोले बढी निकासा भएको ९ जनाको रु २२५० असुल गर्नुपर्ने रु. | २२५० |
| ७२.३. | नगरपालिकाले व्यवस्थापन तथा सञ्चालन वापत रु७५००००।, सार्वजनिक परीक्षण वापत रु४४००००।, विद्यालय सुधार योजना वापत रु ६४००००। उ मा वि निकासा २५००००।००, इन्टरनेट वापत रु १५६०००।, बुक कर्नर वापत रु ९०५५५०।००, कक्षा १ निरन्तर सिकाइ वापत रु ४१५०० र बाल विकास वापत रु३६२५००।००। गरी जम्मा ३५४५५५०।०० हुनुपर्नेमा जोड जम्मा फरक पारी रु ३५९५५५०।०० लेखी रु ५००००।०० फरक देखाएकोमा बाल बिकासमा रु २५५००।बाहेक हुने रु.२४५००।०० बढी देखाइ निकासा भएको रकम असुल गर्नुपर्ने रु. | २४५०० |
| ७२.४. | पाठ्यपुस्तक वापतको निकासामा नगरपालिकाले विद्यार्थी संख्या बढी देखाइ रु ९९७३३ निकासा गरेको रकम असुल गर्नुपर्ने रु. | ९९७३३.५० |

| कक्षा | **EMIS** अनुसार विद्यार्थी संख्या | निकासा विद्यार्थी संख्या | बढी विद्यार्थी संख्या | रकम |
|---|---|---|---|---|
| १ | ४२२ | ६५४ | २३२ | ९०१३२ |
| २ | ३९१ | ४१५ | २४ | ४६२६ |
| ४ | ३९६ | ४०६ | १० | २७७५ |
| १० | ५१७ | ५२३ | ६ | २२००।५० |
| | जम्मा | | | ९९७३३। |

| | | |
|---|---|---|
| ७३. | **पाठ्य पुस्तकमा बढी निकासा** - नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमीबाट | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तिकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले उक्त पुस्तिकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार पाठ्य पुस्तकतर्फ २०७६ को विद्यार्थी संख्याको ७५ प्रतिशतले देहायका विद्याहरुमा निकासा गएकोमा पुन थप निकासाको लागि बिल भरपाइ पेश गरेकोमा गो भौ नं १११ बाट बिलबमोजिमको नपुग रकम भुक्तानी भइ सकेकोमा पुन सोही बिलहरुको प्रतिलिपि राखी गो भौ नं १३३ बाट भुक्तानी भएको निकासा रु.१,८७,९१९.०० बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकासा भएको रकम असूल गरी संघीय संचित कोष दाखिला हुनुपर्ने देखिएको रु. | १८७९१९.०० |

| विद्यालयको नाम | ७५ प्रतिशत निकासा | बिल रकम | फरक दिनुपर्ने | गो भौ न १११ बाट | गो भौ नं १३३ बाट |
|---|---|---|---|---|---|
| व्रम्हायणी मा वि | ९७१७८ | १२९९४९ | ३२७७१ | ३२७७२ | ११४०७ |
| चण्डेनी मा वि | १०६०४४ | ११५३२६ | ९२८२ | ९२८२ | १२०६९ |
| डेडी थुम्का मा वि ८ | ११७२६६ | १४१३०८ | २४०४२ | २४०४२ | १५१६८ |
| डेडीथुम्का मा वि ९ | ११७५२० | १५०२४४ | ३२७२४ | ३२७२४ | २८४० |
| राधाकृष्ण घनश्याम | २९६४७ | ३३६८४ | ४०३७ | ४०३७ | ७९७७ |
| द्वारपालेश्वर आ वि | ६८२६६ | ९९२४५ | ३०९७९ | ३०९८० | ११२९६ |
| महाकाली मा वि नयाँगाउ | १८१३२६ | २३७१८४ | ५५८५८ | ५५८५८ | ८३५२ |
| महाकाली मा वि नगरकोट | ८६७८६ | १७१८० | -६९६०६ | -४९२०४ | ११८८१० |
| जम्मा | **८०४०३३** | **९२४१२०** | **१२००८७** | **२३८८९९** | **१८७९१९** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७४. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले १३८१०२१ को औषधी खरिद गरेकोमा रु ६७०३६५। को सिलबन्दी दरभाउ पत्रबाट र पटक पटक गरी रु ७१०६५६।०० को औषधी सोझै खरीद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् | |
| ७४.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको देखिएन । | |
| ७४.२. | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको देखिएन । | |
| ७४.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ७४.४. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको देखिएन । | |
| ७४.५. | औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको देखियो । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७५. | **परामर्श सेवा** - सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहाय बमोजिम परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.५७ लाख १४ हजार खर्च लेखेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजि निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

रु.हजारमा

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| बोझिनी हलेदे चुरीथुम्का सिँचाई | स्कोलर नेपाल प्रा लि | ३०० | २९८ | २२२०० |
| कर्कलेघारी काँमीडाँडा चुरीथुम्का सिँचाई | श्रेष्ठ इन्टरनेशनल कन्सल्याटेण्ट | ३५० | ३४९ | २७५०० |
| बान्द्रे चिलाउने डाँडा न्युरेनी खोला डाँडाखेत सिँचाई योजना | सिभिल लिङ्क इन्जिनियरिङ्ग | ३०० | २९८ | २१००० |
| नगरकोट पर्यटन प्रवर्धन पिकनिक स्पट फनपार्क निर्माण | स्नेहा डिजाइन्स एण्ड विल्डर्स | ३५० | २९८ | ५४३८४ |
| त्रिनेत्रेश्वर मन्दिर | हेड कन्सल्टेन्सी | ५०० | ४९१ | ३२८०० |
| नगरस्तरीय खेलग्राम | इन्टेक सिभिल सोलुशन | २००० | १८९४ | ३५५९९२ |
| कुन्तावेशी नयाँगाउँ नगरकोट सडक | युनाइटेड नेपाल कन्सल्टेन्सी | ७८३ | ७५१ | ४४६५४ |
| ढाइटार सर्बझाङ कासिभञ्याङ्ग सडक | सोटेक इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ५०० | ४४० | ३६२४२२ |
| तिनकुने सिपाघाट अँधेरी एकिकृत सडक | शुरुवात रिसाइक्लस फर ग्रीन इनभाइरोमेन्ट प्रा लि | २०० | १२० | ६४२०६ |
| नर्सरी जयमाने चैनपुर सडक | शुरुवात कन्सट्रक्सन एण्ड इन्जिनियरीङ्ग | ५०० | ४४० | १८८७०४ |
| सिपाघाट एकिकृत खानेपानी | पाई सर्भिसेस प्रा लि | ४०० | ३३५ | ४४४८ |
| | जम्मा | ६१८३ | ५७१४ | ११७८३१० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

७६. **सवारी साधन खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान व्याकहो लोडर खरिदमा रु.७०१२०००।०० खर्च गरेको छ ।

७७. **अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष ४१ योजनाको रु. १४९८५९९१८। कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन ।

७८. **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सरसफाई, सडक नाला, पदमार्ग निर्माण, कुलो मर्मत, खानेपानी मुहान संरक्षण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १३६५ जनालाई रोजगारी उपलव्ध गराई रु.११३३०००।०० खर्च गरेको छ ।उक्त कार्यक्रम खर्च बाहेक रोजगार संयोजकको तलब रु५०१८७०। तथा प्रशासनिक खर्च रु ६००००। गरी यस कार्यक्रम अन्तर्गत कुल खर्च रु१६९४०००।०० भएको छ । लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

७९. **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ८०. | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दीगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको नगरपालिकाले १२ वडाहरुमा १।१ पटक गरी १२ पटक गरेको पाइयो । | |
| ८१. | **सफ्टवयर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले राजस्व तथा आय सम्बन्धी सफ्टवेयर खरिद गरी रु.५७१५३१। खर्च गरेकोमा खरिद भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ८२. | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| | **स्वास्थ्य तर्फ (शशर्त)** | |
| ८३. | **आमा सुरक्षा कार्यक्रमः** आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम कार्यविधि २०७५ को बुदा नं. २१ अनुसार नेपाल सरकारले गैर सरकारी तथा निजी अस्पताललाई आमा सुरक्षा कार्यक्रम संचालन अनुमति प्रदान गर्दा आमा सुरक्षा कार्यक्रमको सेवाबाट बन्चित रहेको क्षेत्रलाई प्राथमिकता दिने गरी संचालन अनुमति दिनुपर्ने तथा यसरी छनौट भएका निकायले बिना कुनै शर्त विरामीको उपचार गर्नुपर्ने व्यवस्था गरेको छ ।नगरपालिकाले आफ्नो क्षेत्रभित्र २ वटा बर्थिङ्ग सेन्टर संचालन गरेकोमा १ स्वास्थ्य चौकी र एक समाज सेवा समुह रहेको छ । सो सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन् । | |
| ८४. | आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम कार्यविधि २०७५ को बुदा नं. ६ मा स्वास्थ्य संस्थालाई प्राप्त हुने इकाई मूल्यवापतको रकमबाटै सेवाग्राही महिलालाई आवश्यक पर्ने सम्पुर्ण औषधी उपकरण सामान वा प्रयोगशाला खर्च व्यहोर्न पर्ने र थप शुल्क लिन नपाइने व्यवस्था छ । साथै उक्त कार्यविधिको बुद्दा नं.८१(**क**) मा निजी अस्तपाल वा स्वास्थ्य संस्थाले यस निर्देशिकाले तोके बिपरीत सेवाग्राहीसँग शुल्क लिएको खण्डमा त्यस्ता निकायमा आमा सुरक्षा कार्यक्रम स्थगित हुने छ भन्ने उल्लेख गरेको छ । नगरपालिकाबाट आमा सुरक्षा कार्यक्रमलाई नियमानुसार पालना गर्ने गरी सम्झौता गरी सेवा प्रदान गर्ने समाज सेवा समूहले कार्यविधिको व्यवस्था अनुरुप प्रयोगशाला परीक्षण र अन्य स्वास्थ्यको जाँचको रकम असुल सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गरेको पाइएन । अत सेवाग्राहीलाई निशुल्क तथा गुणस्तरीय सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्ने देखियो । | |
| ८५. | नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार यस वर्ष आमा सुरक्षा सेवावापत नगरपालिका मातहतका १ वटा स्वास्थ्य चौकीबाट श्रावणदेखि चैत्र सम्म ३ सामान्य सुत्केरी, १४ जटिल गरी जम्मा २५३ जना लाई सेवा प्रदान गरेकोमा ३ वटा र समाज सेवा समूहले प्रथम चौमासिकमा २४ जना मध्ये सामान्य सुत्केरी २१ र ३ जना महिलालाई जटिल सेवा पुर्याएको छ ।यसरी सरकारी संस्थामा निजी क्षेत्रको तुलनामा न्युन संख्या हुनुको कारण पत्ता लगाई सरकारी संस्थालाई दक्ष स्वास्थ्यकर्मी र आवस्यक औजार उपकरणको उपलव्धता गराई सेवाको प्रभावकारीता बृद्धिमा बढवा ल्याउन नगरपालिकाले कार्यक्रम तय गर्नुपर्दछ । | |
| ८६. | **गत बर्षको दायित्व** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७५।७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई १७ वटा कार्यक्रमको रु.४,६५,६४,४००। भुक्तानी दिन बाँकी रहेको बिबरण २०७६।७७ को बजेटमा राखी यो बर्ष १४ वटा कार्यक्रममा रु.३,३०,७५,१६९।भुक्तानी गरेको देखिन्छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । | |
| | **कोरोना व्यवस्थापन तर्फ** | |
| ८७. | प्रकोप व्यवस्थपन कोषमा गत वर्षको मौज्दात रु.२२,३८,८८९।०० भएकोमा यस वर्षको अम्दानी रु.२,२२,११,४००। गरी रु.२,४४,५०,२८९ मध्ये रु.६०,०८,१५७।०० खर्च गरी रु १,८४,४२,२००। बैक मौज्दात छ । | |

**विपद् व्यवस्थापन कोषको आम्दानी तथा खर्चको विविरणः**

| आय | खर्च | व्यय | खर्च |
|---|---|---|---|
| गत वर्षको अ ल्या | २२३८८८९.०० | खर्च | |
| बागमती प्रदेश | १२०००००.०० | कोरोना व्यवस्थापनतर्फ | ५१३५३२०.०० |
| नगरपालिका | १७६८२००० | विपद व्यवस्थापन | ७७१८४.०० |
| अन्य संघ संस्था व्यक्तीबाट | २१७४००.०० | आर्थिक सहायता | ७९५६५३.०० |
| स्थानीय पूर्वाधार विकास कार्यक्रमबाट रकमान्तर | ३११२०००.०० | बैंक बाँकी | १८४४२३०० |
| **जम्मा** | **२४४५०२८९.००** | **जम्मा** | **२४४५०३५७.००** |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८७.१. | नगरपालिका भित्र रहेको महादेव प्रा वि र कालिदेवि प्रा विद्यालयमा क्वारेन्टाइन संचालन गरेकोमा भएका खर्चहरु देहायबमोजिम रहेको छ । | |

| क्र सं | शिर्षक | आषाढसम्मको खर्च | आश्वीन सम्मको खर्च |
|---|---|---|---|
| १ | राहत वितरण | १५०० | ० |
| २ | क्वारेन्टाईन होल्डिन सेन्टर निर्माण | ८२६ | ० |
| | आइसोलेशन केन्द्र निर्माण व्यवस्थापन | ० | ३५ |
| ३ | जनशक्ती परिचालन भत्ता | २८४ | ११३२ |
| ४ | औषधी एंव उपकरण | १८०१ | ० |
| ५ | अन्य | ७२४ | १७० |
| | **जम्मा रकम** | **५१३५** | **१३३७** |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८७.२. | नगरपालिकाले १२ वडाहरुका लागि सोझै नेपाल खाद्य संस्थानबाट २४००० केजी चामल रु ५५का दरले छुट सहित रु.११८८०००।०० र दाल १०५० केजी रु ११५। का दरले रु.१२०७५० र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि बाट नुन १०५० केजी रु १८।५० का दरले रु.१९४२५। तथा सनफ्लावर तेल १६५ का दरले १०४० लिटर को रु.१७१६००। गरी जम्मा रु.१४९९६९५। को राहत सामग्री खरिद गरी ६२८ परिवारलाइ राहत वितरण गरी विल भरपाइ पेश गरेकोमा वडाहरुबाट राहत सामग्री खरिद भएको देखिएन । | |
| ८८. | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिष्पर्धा लाई सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४.१ सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्नानुसार सोझै खरिद गरी रु.१७८३२३१.०० बरावरको खर्च लेखेको रु. | १७८३२३१.० |

| क्र.स | मिति र गो.भौ.नं. | सप्लायर्सको नाम | सामाग्री | रकम |
|---|---|---|---|---|
| १ | ७०।।०७७।२।१५ | साठीबारी इन्टरनेशनल | पिपिई, हरियो कपडा, मास्क, सेनिटाइजर, थर्मोमिटर | ३६४०८६.०० |
| २ | ७१।०७७।२।१५ | सालघारी मेडिहेल्थ | हस्पिटल बेड म्याट्रेस | ४०७१३९.०० |
| ३ | ७६।०७७।२।३० | इन्द्रेणी ट्रेड लिङ्क | सेनिटाइजर | १५५९४०.०० |
| ४ | ८८।२०७७।३।११ | दिपक कु घिमिरे | मास्क | १३९९८.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | | |

| | | | | |
|---|---|---|---|---|
| ५ | ८९।००।३।१५ | कुशेश्वर फर्निसिङ्ग सेन्टर | म्याट्रेस, पोलर, पिलो | २५३५६७.०० |
| ६ | ९२।०७७।३।१९ | बरदान सप्लायर्स एण्ड ट्रेडर्स | टेलिभिजन सेट ४ थान | १०८४८०.०० |
| ७ | विभिन्न | युनिवर्ल्ड ट्रेडलिङ्ग प्रा लि | २४००० थान कपडाको मास्क | ४८००२१.०० |
| | | | जम्मा | १७८३२३१.०० |

नगरपालिकाले कोरोना नियन्त्रणका सम्बन्धमा माथी उल्लेखित सामानहरु क्वारेन्टाइन स्थापना गर्न खरिद गरिएका पुनः प्रयोग हुन सक्ने सामाग्रीहरुको संरक्षण/सदुपयोग सम्बन्धमा स्पष्ट हुनुपर्ने देखिन्छ ।

८९. **बीमाः** विपद् व्यवस्थापन समितिको मिति २०७६।१२।१६ को निर्णयले नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने गरी कोरोना संक्रमितसँग प्रत्यक्ष सम्पर्कमा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा सवारी चालकहरुको पाँचलाखका दरले सावधिक जीवन बीमा गर्ने निर्णय गरेको छ । सोही अनुरुप कार्यालयका ३ स्थायी तथा ४ जना प्रहरी, ६ जना करार र १ जना एम्बुलेन्स चालक कोरोना अवधिमा एम्बुलेन्स चलाए बापत भनि १४ जनाको आइएमइ लाइफ इन्सुरेन्स कम्पनीबाट सावधिक जीवन बिमा गरी पहिलो त्रैमासिक प्रिमियम रु६९८१९। भुक्तानी गरेको छ ।

| सि नं | बिमितको नाम | बीमांक रकम | अवधि | प्रिमियम रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | शैलेन्द्र रखाल मगर | ५०००००।०० | २५ | ४८६९ | प्रहरी कार्यालय धुलिखेल |
| २ | कमल बहादुर खत्री | ५०००००।०० | २५ | ५१७५ | प्रहरी कार्यालय धुलिखेल |
| ३ | अनिल दनुवार | ५०००००।०० | २५ | ४७५२ | प्रहरी कार्यालय धुलिखेल |
| ४ | राज कुमार राई | ५०००००।०० | २५ | ४७६० | प्रहरी कार्यालय धुलिखेल |
| ५ | मधु वि क | ५०००००।०० | २५ | ४३२१ | भान्से करार |
| ६ | रन्जिता घोरासाइने | ५०००००।०० | २५ | ४२३७ | करार |
| ७ | राधा कृष्ण फुयाल | ५०००००।०० | २० | ६४६५ | स्थायी |
| ८ | चन्द्र देव ठाकुर | ५०००००।०० | २५ | ४४३६ | स्थायी |
| ९ | प्रदिपा खरेल | ५०००००।०० | २५ | ४३४९ | स्थायी |
| १० | सुवी सापकोटा | ५०००००।०० | २५ | ४२७९ | करार |
| ११ | राम अधिन भगत | ५०००००।०० | २२ | ५६९९ | स्थायी |
| १२ | जय कृष्ण श्रेष्ठ | ५०००००।०० | २५ | ४९८८ | करार |
| १३ | गणेश गिरी | ५०००००।०० | २५ | ४९८८ | करार |
| १४ | सोम प्रसाद ढकाल | ५०००००।०० | २० | ६४६५ | एम्बुसेन्स चालक |
| | | | जम्मा रकम | ६९८१८। | |

उपरोक्त कर्मचारीहरुको कोरोना बीमा समेत गरेको छ । सो मध्ये सोम प्रसाद ढकाल बाहेकको मध्ये राधाकृष्ण फुयाल अन्यत्र सरुवा भइसकेको, गणेश गिरी र सोम प्रसाद ढकालको दोस्रो त्रैमासिक प्रिमियम समेत भुक्तानी भएको देखिएकोले नगरपालकाबाट सिमित व्यक्तिहरुलाई प्रत्यक्ष लाभान्वित हुने गरी दोहोरो सुविधा भुक्तानी भएको देखिएको छ ।

**आन्तरीक लेखापरीक्षण प्रतिवेदनले औंल्याएका व्यहोराहरु देहायबमोजिम रहेका छन्**

९०. **नगरपालिका चालुः** रानीटार युवा क्लवले गो.भौ.नं. ४६८ बाट रु २००००० खरिद गरेको सामग्रीको खरिद आदेश तथा दाखिला प्रतिवेदन पेश गर्नु पर्ने देखिन्छ ।

९१. **पुँजिगत तर्फः** नवज्योती महिला जागरण कृषक समुह सामुदायिक भवन फल्ससिलिङ तथा फर्निचर गो.भौ.न.२७४ बाट रु ३३०८०१ बराबर खरिद गरेकोमा फर्निचर सामग्री जीन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिन्छ।

९२. **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको अवधिसम्ममा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको देहाय अनुसार फछ्र्यौट गर्न बाँकी पेश्की मध्ये म्याद नाघेको रु. १७८९७०००।- पेश्की फछ्र्यौट गर्नुपर्ने रु. — १७८९७०००

| सि न | भौ.नं.मिति | **पेश्कीको विवरण** | पेश्की लिने फर्म वा व्यक्ती | पेश्की रकम |
|---|---|---|---|---|
| १ | १४७।०७७।३।८ | कुन्ता रातो पहिरो चैनपुर बयरबोट सडक कालोपत्रे | थोकर। निभा। लयुल जे भी | ११००००० |
| २ | | नगरकोट नयाँगाउँ सडक कालोपत्रे | | ११००००० |
| ३ | ६।०७७।३।१० | स्वास्थ्य चौकि भवन निर्माण | सुर्यचन्द्र कन्ष्ट्रक्सन | ७८४८५०० |
| ४ | ८।०७७।३।२३ | | | ७८४८५०० |
| | | | जम्मा | १७८९७००० |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९३. | **अनुगमन** - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ । | |
| ९४. | **सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम बेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्र्यौट गर्नुपर्दछ । कार्यालयले गत विगत वर्षसम्मको बेरुजू मध्ये रु.४०६०५०२ लेखापरीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोध गरेकोमा प्रमाण कागजातको आधारमा रु.१९३८७८४ सम्परीक्षण भएको छ | |

| आर्थिक वर्ष | बेरुजु दफा | बेरुजु संक्षिप्त व्यहोरा | बेरुजु रकम | फछ्र्यौट गरिएको आधार र व्यहोरा | संपरीक्षण भएको रकम |
|---|---|---|---|---|---|
| २०७३/७४ | ४४ | पुरुषोत्तम बजगाइको पेश्की बाँकी | ३०००० | बैंक दाखिला भौचर पेश भएको | ३०००० |
| २०७४/०७५ | २४ | राजन प्र अधिकारी विरुवा वितरण कार्यक्रमको पेश्की बाँकी | १०००००० | ५०% अनुदानमा फलफुल विरुवा वितरण कार्यक्रमको भरपाइ पेश | १०००००० |
| २०७४/०७५ | ४४ | रामचन्द्र बजगाँई को पेश्की बाँकी भुकम्प राहत सामाग्री वितरण | ४५००००. | भुकम्पको राहत वितरण गरेको बिल भरपाइ पेश भएको | ४५००००.०० |
| ०७५/७६ | ५५ | डेडीथुम्का मा वि लाई बढी निकाशा | ३१५२२४ | बैक दाखिला भौचर पेश भएको | ३१५२२४ |
| २०७५/०७६ | ५७.१ | का.स को तलब बढी भुक्तानी | ५०३५२ | बैंक दाखिला भौचर पेश भएको | ५०३५२ |
| २०७५/०७६ | ५७.२ | ग्रेड बढी भुक्तानी क.सं ४ चन्द्रदेव ठाकुर, क.स ७ मेनकादेवी पराजुली | २२२३८ | बैंक दाखिला भौचर पेश भएको | २२२३८ |
| २०७५/७६ | ५८ | दिपक प्र.घिमिरेको पेश्की बाँकी | ७०९७० | बैं दाखिला भौचर पेश भएको | ७०९७० |
| | | | | **जम्मा** | **१९३८७८४.००** |

अनुसूची १

## मण्डनदेउपुर नगरपालिकाको सञ्चित कोषको विवरण
## २०७६/७७

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | लेखापरीक्षण रकम | बेरुजु रकम | आयतर्फ | | | | | | व्यय तर्फ | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| काभ्रेपलाञ्चोक | मण्डनदेउपुर नगरपालिका | ९४७४४५ | ८००७६ | १७५५१० | ४२०४१० | ९३३२५ | ९५७९० | १६२४१० | ७७१९३५ | ३३२०१६ | २३३३७० | १२९४८२ | ६९४८६८ | २५२५७७ |

अनुसूची २

## बेरुजु बर्गीकरण(विनियोजन राजस्व धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| काभ्रेपलाञ्चोक | मण्डनदेउपुर नगरपालिका | ६१ | ५६ | १०५६११ | ० | १६ | २५५३४ | ६१ | ४० | ८००७६ | ५१७७१ | १७८३ | ८६२५ | ० | ० | १०४०८ | ० | १७८९७ | १७८९७ |

अनुसूची ३

## अद्यावधिक बेरुजू स्थिति

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | गत वर्षसम्मको बाँकी बेरुजु | समायोजन | सं.पको लागि अनुरोध भइ आएको रकम | सं.प.भएको रकम | सम्परीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी बेरुजु रकम | यो वर्ष थप रकम | कुल बाँकी बेरुजु | बाँकी बेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| काभ्रेपलाञ्चोक | मण्डनदेउपुर नगरपालिका | ५२१७४ | ० | १९३९ | १९३९ | ० | ० | ५०२३५ | ८००७६ | १३०३११ | १७९४७ |